# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १९ असार २०८०

# मङ्गलवार

# बैठक सङ्ख्या- २१

राष्ट्रिय सभाको आजको बैठक माननीय उपाध्यक्ष श्री उर्मिला अर्यालको अध्यक्षतामा दिनको १३:०१ बजे प्रारम्भ भयो ।

(१३:०२ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय इन्दिरा देवी गौतम ।

(१३:०३ बजे) **माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- ..... हिजो एक सार्वजनिक कार्यक्रममा प्रधानमन्त्रीज्यूले दिनुभएको अभिव्यक्ति स्वतन्त्र, सार्वभौम, सम्पन्न, स्वाभिमानी नेपालीका लागि गम्भीर आपत्तिजनक छ । हिजो उहाँले मलाई प्रधानमन्त्री बनाउन धेरै पटक दिल्ली जानुभएको भनेर कोही व्यक्ति विशेषलाई उहाँले इङ्गति गर्दै भन्नुभएको छ । प्रधानमन्त्रीले बुझ्नुपर्छ । यो मुलुकको स्वतन्त्रता र सार्वभौमिकतालाई जोगाउन धेरै देशभक्त नेपालीले आफ्नो रगत बगाएका छन् । जीवनको आहुति दिएका छन् । प्रधानमन्त्रीको

कुर्सीमा बसेर यस किसिमका राष्ट्रिय स्वाभिमानमा आँच पुऱ्याउने अभिव्यक्ति दिन उहाँलाई कदापि छुट दिन सकिँदैन । म यस विषयमा प्रधानमन्त्रीले सदनसमक्ष आएर स्पष्ट पार्न र आफ्ना भनाइ फिर्ता लिन अनुरोध गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय गोपाल भट्टराई ।

(१३:०४ बजे) **<u>माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः-सम्माननीय अध्यक्षज्यू, अहिले देशैभरी बाढी, पहिरोले जनजीवन प्रभावित भएको छ । नवलपरासी र त्यस आसपासका जिल्लाहरूमा अहिले भीषण वर्षाले बाढि, पहिरोको प्रकोप बढिरहेको छ । पूर्वी नवलपरासीका चार/पाँच ओटा गा.वि.स.मा, गाउँपालिकामा चार/पाँच दिनदेखि सडक अवरूद्ध छ । यातायात छैन । त्यहाँका जनताले निकै सास्ती पाएका छन् । त्यसको निम्ति सरकारको पहल देखिँदैन ।

तल्लो तटीय क्षेत्रमा डुबान र नदी कटानको अवस्था नाजुक छ । रुपन्देहीको तिनाउँ नदी खतराको चिन्हबाट माथि गएको छ । र त्यस क्षेत्रका जनतालाई अहिले त्रास मात्रै छ । त्यसतर्फ सरकारको ध्यान जाओस् भन्न चाहन्छु । त्यसबाट हुने क्षति ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय जगप्रसाद शर्मा ।

(१३:०५ बजे) **<u>माननीय श्री जगप्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, म दुइटा कुरा उठाउन चाहन्छु । एउटा हाल नेपालमा ६ हजार जति करिब ६ हजार जति लेखापाल र ३० हजार सम्थिङ्ग ३० हजार गरी पैंतिस हजार ६ सय नब्बे शैक्षिक मजदुरहरू आन्दोलनरत छन् । नेपाल सरकारले अगाडि सारेको नीति, कार्यक्रमको बुँदा नम्बर १२७ मा उनीहरूको बजेटको व्यवस्था गरिएको छ । तर बजेटको उनीहरूको व्यवस्था भएको छैन । उनीहरुको आन्दोलनलाई यथाशीघ्र सम्बोधन गरी उनीहरूको समस्या समाधान गरियोस् भन्ने सम्माननीय अध्यक्षमार्फत म नेपाल सरकारको ध्यान आकर्षण गराउन चाहन्छु ।

दोस्रो कुरा, हाल नेपालमा ३ हजार बेसी सी एहरू छन् । यिनीहरूको विज्ञता, वाणिज्य, कानुन र वित्तीय व्यवस्थापनमा छ । विदेशका कयौं देशहरूमा सिधै मास्टर गर्न सक्ने, पिएचडी

गर्न सक्ने समकक्षता दिइएको छ । तर २०१९ देखि टिएले यो समकक्षता दिन रोकेर उनीहरू अलपत्र परेका छन् । तसर्थ उनीहरूको वृद्धि विकास र उनीहरूको क्षमताको देशले सदुपयोग गर्नका निम्ति नेपाल सरकार शिक्षा मन्त्रालय र टिएले ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय तारामान स्वांर ।

(१३:०६ बजे) **माननीय श्री तारामान स्वांर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, सुदुरपश्चिम प्रदेश कैलालीको खक्रौलास्थित शक्ति भन्सार कार्यालयमा क्वारेन्टाइन नहुँदा कैलालीको पूर्वी क्षेत्रमा आउने खाद्यजन्य तथा पशुजन्य वस्तुहरू अन्यत्रबाट आउने भएकोले भन्सारको राजस्वमा भारी गिरावट आएको छ । यस सम्बन्धमा पहिला पनि सदनमा कुरा उठिसकेको तर कुनै वास्ता नगरिएकोले पुनः यसमा, यस सम्बन्धमा जोड् दिँदै तत्काल शक्ति भन्सारमा क्वारेन्टाइनको स्थापना गर्न सरकारसँग माग गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय तुलसा कुमारी दाहाल ।

(१३:०७ बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- अध्यक्ष महोदय, नेपाल सरकार माननीय अर्थमन्त्रीले बजेट वक्तव्यमार्फत दुध विकास वोर्ड खारेज गर्ने निर्णय गर्नुभएको छ । माननीय कृषि मन्त्री, कृषि तथा पशुपन्छी मन्त्रीले यही विषयमा आतिनुपर्दैन बैठक बसौंला, छलफल गरौंला, समस्याको समाधान गरौंला भन्नुभएको छ । यो के भन्न खोजिएको हो बुझिएन ।

अर्को विषय के हो भने सम्माननीय प्रधानमन्त्री भारत भ्रमणमा जाँदा ल्याउनुभएको मुर्रा राँगा, राँगा दुध बढाउनका लागि नै होला भन्ने मलाई लाग्दछ । दुध विकास वोर्डअन्तर्गत कार्यरत कर्मचारीहरूको अवस्था के हुन्छ? यो वोर्डअन्तर्गत सातओटा विभागहरू रहेको छ । त्यसको अवस्था के हुन्छ? वोर्डले गर्दै आएको अनुगमन, दुध मुल्य निर्धारण समन्वय, सहकारीको काम कुन निकायले हेर्ने हो? वोर्डको बजेट ६ करोडको देखिन्छ वार्षिक बजेट । विकास समिति ऐन, १३ अन्तर्गत २०० भन्दा बढि अत्यधिक रूपमा चाहिँ वोर्ड गठन आदेशहरू बनेका छन् । तिनीहरूको खारेज गर्नेतर्फ सरकारको चासो देखिँदैन । दुध विकास वोर्डलाई नै

खारेज किन गर्नुपर्‍यो? गुणस्तरीय दुध उत्पादन र वितरणमा निजी क्षेत्रको २५ लाख ६६ हजार मेक्ट्रिक टन दुध निजी क्षेत्रले उत्पादन गरिरहेको छ । यसबाट झन्डै ८० लाख ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय भगवती न्यौपाने ।

(१३:०८ बजे) **माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- तनहुँको दमौलीबाट सुरु हुने बुद्धसिंह मार्ग तनहुँ कै आबुखैरेनी ३ हुँदै भरतपुर २९ मा जोडिन्छ । आबु ३ र घुमाउने जोड्ने पक्की पुल निर्माणका लागि मृत्त सञ्जीवनी निर्माण कम्पनीसँग सम्झौता भएको पनि ९ वर्ष पूरा भइसकेको छ । ठेकेदारको लापर्वाहीको कारण ३० प्रतिशतभन्दा बढि काम हुन सकिरहेको छैन । उक्त मार्गबाट नारायणगढ पुग्न ३२ किलोमिटर दुरी कम हुन्छ । त्यो सुविधा तनहुँको लागि मात्रै होइन पोखरा र पोखराबाट तनहुँ हुँदै नारायणगढ पुग्ने यातायातको साधानको लागि पनि हो । उक्त मार्गलाई कालो पत्रे गर्न र घुमाउनेमा छिटोभन्दा छिटो पक्की पुल निर्माण गर्नका निम्ति आवश्यक बजेट विनियोजन गर्न म सरकारसँग जोडदार माग गर्न चाहन्छु ।

साथै उक्त मार्ग जस्तै अहिले मुग्लिन नारायणगढ सडक खण्डमा जसरी अवरूद्ध भइराखेको छ । अवरूद्ध हुँदाखेरि यात्रुहरूले जसरी दुःख पाइराख्नुभएको छ । उक्त मार्ग बन्दाखेरि र पुल बन्दाखेरि त्यो एउटा विकल्प हुन सक्दछ । यस बारेमा सरकारको ध्यान जाओस् । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय मृगेन्द्र कुमार सिंह यादव ।

(१३:०९ बजे) **माननीय श्री मृगेन्द्र कुमार सिंह यादव (जनता समाजवादी पार्टी, नेपाल)**:- अध्यक्ष महोदय, किसानहरूको लागि अहिले महत्त्वपूर्ण समय धान रोपाइको चाहिँ विग सिजन अहिले चलिरहेको छ । तर अहिले पनि युरिया पर्याप्त मात्रामा चाहिँ किसानहरूले पाइरा'छैन । जसको आवश्यकता अहिले छैन । डिएपीको आवश्यकता हो । त्यो डिएपी मल चाहिँ पर्याप्त मात्रामा चाहिँ उपलब्ध गराउन सक्या छ सरकारले त्यतातिर ध्यान जाओस् । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय शारदा देवी भट्ट ।

(१३:१० बजे) **<u>माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, वर्षा लागेसँगै धेरै घटना घट्दै छ । अहिलेको मूल समस्या भनेको यही नै हो । बाढि, पहिरोले सातओटै प्रदेशमा धेरै धनजनको क्षति भइसकेको छ । अझै हुने सम्भावना छ । तसर्थ अध्यक्षज्यूमार्फत नेपाल सरकारको ध्यान आकर्षण गराउँदै रोकथामतिर ध्यान जाओस् भन्न पनि चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय विमला घिमिरे ।

(१३:१० बजे) **<u>माननीय श्री विमला घिमरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- अध्यक्षज्यू, मनसुन सुरु भए यता बाढि, पहिरो, डुवानलगायतका प्राकृतिक प्रकोपहरूले जनतालाई आक्रान्त बनाएको छ । यात्रामा हिडौं यात्रा सुरक्षित छैन । बस्ती, बस्ती पहिरोले बगाइरहेको छ । कति खेतियोग्य जमिनहरू डुवानमा परेका छन् । कटानबाट प्रभावित भएका छन् । केही दिनअगाडि नेपालको पूर्वी भागमा केही जिल्लामा बाढि, पहिरोबाट अर्बौंको सम्पत्ति क्षति भयो भने माननवीय क्षतिसमेत भयो । अहिले एक हप्ता वरिपरि नारायणघाट मुग्लिन सडक खण्डमा गएको पहिरोको कारण थुप्रै मान्छेहरूको यात्रा असुरक्षित बनेको छ । दिन दिनै गाडी, तीन दिनसम्म एउटै गाडीमा बसिरहनु र दौडी, दौडी पहिरो छल्नुजस्ता नियति जनताले भोगिरहेका छन् ।

बुटवल नारायणघाट सडक खण्ड निर्माण कार्यको कारणले जटिल त थियो नै नारायणघाट मुग्लिन सडक खण्ड पहिरोको कारणले अत्यन्तै कष्टपूर्ण बन्यो । यसलाई तत्कालीन र दीर्घकालीन हिसाबले वैकल्पिक मार्गको खोजी नगरे पूर्वपश्चिम राजमार्गमा सधैं यस्तै नियति दोहोरिने छ । सडक निर्माण, खानेपानी, विद्युत्लगायतका विकासका कामहरूमा ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय शेखर कुमार सिंह ।

(१३:११ बजे) **<u>माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी नेपाल)</u>**:- सम्माननीय अध्यक्षज्यू, म योभन्दा अगाडि पनि कृषि मन्त्रालयलाई ध्यान आकर्षण गराइसक्या थिए । सप्तरीको भन्सार बेल्ही भन्सारमा क्वारेन्टाइन चेकपोष्ट नहुँदा सप्तरीका किसानहरूले र

सप्तरीका उपभोक्ताहरूले पनि धेरै मारमा परिराख्या छ । सप्तरीमा आउने खाद्यन्न वस्तु या त विरगंज या त विराटनगर भन्सारबाट ल्याउनुपर्दो रहेछ । यसलाई यथाशीघ्र व्यवस्थापन होस् ।

र माननीयज्यूहरूले उठाइनै सक्नुभा'छ । यो कृषिको बेलामा अब डिएपी आएन भने कुन बेलामा आउछ? यसलाई यथाशीघ्र व्यवस्थापन गरियोस् ..... । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सुमित्रा वि.सी. ।

(१३:१२ बजे) **माननीय श्री सुमित्रा वि.सी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, गत साता जुम्ला तातो पानी चार डिगीखोलामा खोलाका २१ वर्षीय मुकुन्द नेपालीको घरमा अन्तरजातीय विवाह गरेबापत आगजनी गरिएको छ । अहिलेको युगमा पनि यस्ता सङ्कुचित सोचले भरिपूर्ण समाजलाई प्रशिक्षित गर्दै यस्ता अपराधीहरूलाई छानबिन गरी कडाभन्दा कडा कारबाही गरियोस् ।

र पोखराका प्रहरीले महिला प्रहरीमाथि नाजायज म्यासेजहरू पठाउने र हिंसा गर्ने यस्ताखाले गतिविधिहरूलाई अन्त्य गर्नका लागि गृह मन्त्रालयको ध्यान जाओस् र कडाभन्दा कडा कारबाही गर्ने माग गर्दछु । धन्यवाद ।

(१३:१३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, आजको बैठकमा शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्याललाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०८० र राष्ट्र ऋण उठाउने विधेयक, २०८०" सभासमक्ष टेबुल गर्न समय उपलब्ध गराउँछु ।

(राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्यालले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०८० र राष्ट्र ऋण उठाउने विधेयक, २०८०" सभासमक्ष टेबुल गर्नुभयो ।)

(१३:१४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, विनियोजन विधेयक, २०८० का विभिन्न शीर्षकहरूमाथिको छलफल जारी रहन्छ । यसअन्तर्गत आज भूमि व्यवस्था, सहकारी

तथा गरिबी निवारण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसम्बन्धी विनियोजन शिर्षकहरूमाथि छलफल हुने बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३४ बमोजिम भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसम्बन्धी विनियोजन शिर्षकमाथि क्रमशः माननीय गोपाल भट्टराई, माननीय रामचन्द्र राई, माननीय शारदा देवी भट्ट र माननीय सोनाम गेल्जेन शेर्पाबाट खर्च कटौतीका प्रस्तावहरू प्राप्त हुन आएका छन् ।

माननीय सदस्यहरू, खर्च कटौती प्रस्तावको प्रस्तावक माननीय गोपाल भट्टराईलाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै आजका लागि निर्धारित मन्त्रालयका विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु । समय ८ मिनेट ।

(१३:१५ बजे) <u>**माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**</u>:- सम्माननीय अध्यक्षज्यू, हामी विनियोजन विधेयकमाथिको छलफलमा छौं । हुनत यो छलफल छलफलकै निम्ति मात्रै हुने गरेको छ । छलफल हुन्छ । सांसदहरूले कुरा उठाउँछन् । तर त्यो विधेयक जस्ताको त्यस्तै पास हुन्छ । यो अच्चम्मको परम्परा छ । यो परम्परालाई तोड्न पर्छ भन्ने कुरा पहिले मैले राख्न चाहन्छु ।

हामीले भूमि व्यवस्था तथा सहकारी मन्त्रालयअन्तर्गत केही भनाइहरू म राख्न चाहन्छु । मेरो खर्च कटौतीको प्रस्ताव पनि त्यसैमा आधारित छ । त्यसो भएको हुनाले खास गरेर यो राष्ट्रिय भूमि आयोग सुकुम्वासी समस्या समाधान आयोगबाट हुँदै हुँदै गर्दा अहिले राष्ट्रिय भूमि आयोगको रूपमा यो रहेको छ । यो आयोग सधैंभरि जनतालाई सुकुम्वासी, दलित, गरिबहरूलाई जग्गा उपलब्ध गराउने घरबास उपलब्ध गराउने र उनीहरूलाई भूमिबाट वञ्चित नगरिने भन्ने उद्देश्य हो । त्यो उद्देश्य प्राप्तिको निम्ति सधैंभरि योजना चाहिँ आउने तर ती योजना कार्यान्वयन नहुने । र सधैंभरि चुनावी नाराको रूपमा यसलाई प्रस्तुत गरिने अहिलेसम्मको परम्परा छ । त्यसो भएको हुनाले यो परम्परा तोड्ने गरी अहिलेको बजेट पनि आएन । यो बजेटले पनि त्यही खालको परम्परा दोहोर्‍याएको छ । सामान्य बजेट छुट्या छ । र त्यसको समग्र कामको योजनासहित आएन । त्यसो भएको हुनाले यो ..... विनियोजन शीर्षकमा मेरो

विमति छ । म गत साल यो भूमि राष्ट्रिय भूमि आयोग बनिसकेपछि जिल्लामा गएर त्यहाँको भूमि आयोगसँग केही कुराहरू राख्यौं हामीले । र वहाँहरू के भन्नुहुन्छ भने बजेटै छैन । जनशक्ति छैन । कसरी नापी गर्ने, कसरी जनताको यो समस्या समाधान गर्ने हामी पनि अन्योलमै छौं । राज्यसित सरकारसित हामी कुरा गर्छौं । तर आश्वासन मात्रै हुन्छ । साधन स्रोत छैन । हामी यो कामअगाडि बढाउन सकिरहेका छैनौं । जसरी हुनुपर्ने हो । त्यसरी अगाडि बढाउन सकिरहेका छैनौं भन्ने नै वहाँहरूको भनाइ छ । त्यसो भएर साधन स्रोत सम्पन्न गराएर निश्चित अवधिभित्र त्यो सम्पन्न गर्नुपर्ने हो । त्यो काम भैरहेको छैन ।

अर्को यो मालपोल कार्यालय, नापीहरूजस्ता कार्यालयहरू पालिकामार्फत सञ्चालन गर्ने भन्ने नीति हो । खै त्यो कहाँ गयो? त्यसको योजनै छैन । यत्रो वर्ष भैसक्यो । संविधान निर्माण भ'को । अहिलेसम्म त्यसतर्फ ध्यान गएको छैन । र जहिले पनि एकात्मक राज्य प्रणालीकै मानसिकताबाट हामी ग्रसित छौं । तल अधिकार दिने कुरामा हामी सहमत छैनौं । त्यसो भ'को हुनाले यो तत्काल नापी कार्यालय, मालपोत कार्यालय यी कार्यालयहरू पालिकामा हस्तान्तरण गर्ने योजना आउनुपर्छ आएन । त्यसमा के हो सरकारको भनाइ? यो प्रष्ट हुन चाहन्छु म ।

र खास गरेर यो हामी नक्साङ्कनलाई नेटवर्किङ सिस्टममा लैजाने लाल पुर्जा भूमिको सम्पूर्ण कुराहरूलाई नेटवर्किङ सिस्टमलाई लैजाने हाम्रो उद्देश्य हो । त्यो उद्देश्य प्राप्तिको निम्ति कुराले मात्रै हुँदैन । त्यसको योजना हुन पर्यो । अहिलेको बजेट हेर्दा त्यतातर्फ ध्यान गएको देखिँदैन । यसको निम्ति बजेट व्यवस्थापन छैन । अलिकति अलिकति छरेर । ५ लाख, १० लाख, ८ लाख गरेर छरेर आ'को छ । यसो गरी यी हाम्रा उद्देश्यहरू हामीले चाहेका बनाएको योजनाहरू कार्यान्वयन हुन सक्दैनन् भन्ने नै मेरो भनाइ हो ।

अहिले खास गरेर यो अन्तिम नापी भनेर नापीको निम्ति यो गोसरा नापी भन्छ क्यारे । त्यसले नापी सुरु गर्यो । त्यो पनि बजेट अभावको कारणले एउटा वार्डमा सुरु गर्छ । जति बजेट छ । त्यति काम गर्छ । म बस्ने पालिकाको १४ नम्बर वार्डमा नापी सुरु भएको तीन वर्ष भैसक्यो । अहिलेसम्म त्यो वार्ड सकिया छैन भनेपछि यो नाराको निम्ति मात्रै किन गर्ने कि यो काम गर्दै नगरौं । पालिकालाई जिम्मा दिऊँ । पालिकाले गर्छ । पैसा त्यहाँ हाल्दिए भयो नि सबै आफ्नो नियन्त्रणमा राख्न खोज्ने तर काम चाहिँ नगर्ने यसो गरी हामीले बनाएका योजनाहरू हामीले लिएको उद्देश्य प्राप्त गर्न सक्दैनौं भन्ने मलाई लाग्छ । त्यसो भएको हुनाले यो हामीले यो खर्च कटौतीको प्रस्तावसमेत मैले राखेको छु । यस खर्च कटौतीको प्रस्ताव खर्च कटौती गरियोस् भन्ने भनाइका साथ मेरा भनाइ यही अन्त्य गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, खर्च कटौती प्रस्तावको प्रस्तावक माननीय रामचन्द्र राईलाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै आजका लागि निर्धारित मन्त्रालयका विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु । समय ८ मिनेट ।

(१३:२४ बजे) **माननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, हामी विनियोजन विधेयकको सम्दर्भमा छलफलको क्रममा भाग लिइरहेका छौं । यो छलफल परम्परागत, औपचारिकता पूरा गर्ने खालको मात्रै हुँदै आइरहेको छ । हामी चाहन्छौं । यो छलफल सार्थक होस् । यो छलफलले यथार्थपरक छलफल गर्न सकियोस् र त्यस्तो निर्णय गरेर जान सकियो भने साँच्चै मुलुकमा परिवर्तन भएको, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्थामा हामी गएको कुरा सार्थक हुन्थ्यो । म यो पाटोमा सबभन्दा पहिला आफ्ना कुरा राख्न चाहन्छु ।

मैले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको भौतिक पूर्वाधार यातायात मन्त्रालयबाट विनियोजित रकम घटाइ १ रुपैयाँ कायम गरियोस् भनेर खर्च कटौतीको प्रस्ताव पनि राख्न चाहन्छु । मैले यसो किन भनेको भन्दा यो बजेट, यो विनियोजन मनमौजी छ । यो विनियोजन, यो हाम्रो समाजमा एउटा उक्ति छ । मिथक छ । जसले हान्यो त्यसले जान्यो भन्ने मिथक छ । त्यो मिथकलाई सार्थक बनाउने गरी त्यसलाई साँच्चि हो कि भन्ने गरी यो बजेट आ'को छ । मैले यहाँ सम्झन चाहेको कुरा केभन्दा अरू धेरै कुरा होलान् । त्यसमध्ये एउटा मात्रै विषय यद्यपि धेरै चारओटा मन्त्रालयको छ । थोर थोरै मैले अरूमा पनि कभरेज गर्छु भन्ने लागि रहेको छ । मैले यो बारेमा थोरै मात्र भन्न चाहन्छु । मङ्सिर ४ मा निर्वाचन भयो मैले टिभी हेर्दै थिएँ । डढेलधुराको साथीहरूले शेर बहादुर दाई पाँच चोटी प्रधानमन्त्री हुनुभो' केही पनि गर्नुभएन, केही पनि गर्नुभएन भन्नुभा'को थियो । उहाँले यसपालि चाहिँ मेख मार्नुभएछ । यो वैकल्पिक सहायक मार्ग विकास कार्यक्रम भन्नेमा ५ अर्ब १७ करोड ५० लाख रूपैयाँ विनियोजन गरिएको रहेछ । त्यसमध्ये १ अर्ब १० करोड चाहिँ डढेलधुरा राख्न भ्याउनुभएछ । गर्नुभएछ राम्रै गर्नुभएछ । त्यसै गरी नुवाकोटले पनि राम्रै सित त्यो ५ अर्ब १७ करोड ५० लाखमध्ये ६६ करोड नुवाकोटले पनि छुट्याउन भ्याउनुभएछ । त्यसै गरी वाहालवाला प्रधानमन्त्री के कम उहाँले गोर्खामा रहेको कार्यक्रमहरूमध्ये ४१ ओटा त्यो शीर्षकबाट ४१ ओटा कार्यक्रम गोर्खामा छुट्याउनुभएछ र त्यसको अङ्क चाहिँ अलि थोरै । शेर बहादुर, पूर्वप्रधानमन्त्रीलाई भ्याउनुभएन छ । अङ्क चाहिँ उहाँको ५७ करोड मात्रै भएछ । अर्थात यो

तीनटा जिल्लाले ४५ प्रतिशत रकम आफ्नो जिल्लामा विनियोजन गर्न भ्याएछ । यसले के देखाउछभन्दा मैले परम्परागत भनेको थिए । परम्परालाई यसले उछिनेछ । यहाँ चाहिँ सन्तोष गर्न मिल्छ? यस्तो कुरामा सन्तोष गर्न मिल्छ भने ठिकै छ । सन्तोष गरौं । होइन भने यो बजेट यस्ता कुराले गर्दा यो मन्त्रालयको बजेट केही सङ्घीयता अनुरूप छैन । जनताको हित गर्ने खालको छैन त्यसले गर्दाखेरि कटौती गरेर १ रुपैयाँ मात्रै गरे हुन्छ । किन कि यसले समन्यायिक विकासको आत्मसात् गरेको छैन । जब सङ्घीय प्रणालीको मूल मर्मको रूपमा रहेको सङ्घीय प्रणालीलाई नै यसले समन्यायिक प्रणालीलाई नै समन्यायिक विकासका कार्यक्रमलाई नै यसले आत्मसात् गर्दैन भने किन बजेट राख्नुपऱ्यो । काटेर १ रूपैयाँ मात्रै गर्दिए भइहाल्छ नि भनेर यस्तो प्रस्ताव मैले राखेको हुँ ।

मैले अब थोरै अरू कुरा अस्ति हामीले जब यो विनियोजन विधेयक टेबुल भो' हामीले मन्त्रीसित, अर्थमन्त्रीसित कुरा गरेका थियौं । उहाँले सडकको कुरामा चाहिँ तपाईंहरू किन चाहिँ झुत्ती खेल्नुहुन्छ? त्योभन्दा अगल ठाउँमा धेरै बजेटहरू चाहिँ सन्तुलित ढङ्गले समन्यायिक अवधारणाका समन्यायिक विकास अवधारणाका आधारमा विनियोजन भा'कै छ नि भनेर भन्नुभा'को थियो । मैले सर्सीति सामान्यतया धेरै किताब पढ्न त भ्याइन । तर सामान्य ..... हेर्दाखेरि केही कुराहरू भेटें । उहाँले नीति कार्यक्रममा यौनिक अल्पसङ्ख्यकहरूलाई सामाजिकअन्तर घुलनको माध्यमबाट समाजमा स्थापित गराउने भनेर एउटा प्रोग्राम आ'को थियो । तर यो सामाजिक, यौनिक अल्पसङ्ख्यकहरूलाई बजेटले चाहिँ निर्देश गऱ्यो कि गरेन त? भनेर खोजे तर कही पनि देखिएन । कही पनि कुनै प्रोग्राम छैन । त्यसैले यसरी ठट्टा गर्न पाइँदैन । यसै गरी समन्यायिक विकासलाई ..... मानेन भन्ने लाग्छ ।

त्यसै गरी नेपालमा आजका मितिमा ३५ पोइन्ट ८१ प्रतिशत आदिवासी जनजातिहरू बस्छन् । यो आदिवासी जनजातिहरूलाई विकासका काममा, विकासका अवसरहरूमा, विकासका सन्दर्भहरूले उसलाई मूलधारमा प्रभाविहीकरण नगर्ने हो भने साँच्चै विकास कसका लागि? के का लागि हुन्छ? तर आदिवासी जनजातिहरूको सन्दर्भमा, क्षेत्रमा यसले कुनै चासो देखा'को देखिँदैन । भने पछि मुलुकमा रहेका ३५ पोइन्ट ८१ प्रतिशत जनतालाई वेवास्ता यसले गर्छ भनेपछि यो बजेट कसरी समन्यायिक हुन सक्छ? यो विनियोजन कसरी समन्यायिक हुन सक्छ? त्यसै भएर भनेको हो । यो बजेट साँच्चै ठट्टा गर्न आएको छ ।

त्यसै गरी संस्कृति, पर्यटन मन्त्रालयसँग मेरा केही गुनासाहरू छन् । यो संस्कृति, पर्यटन मन्त्रालयको सन्दर्भमा सबभन्दा पहिलो कुरा त यो संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय छ । यो मन्त्रालय चाहिँ जहिले पनि जुनसुकै मन्त्रीले पनि ध्यान कहाँ पुऱ्याइराख्या

हुन्छ भन्दाखेरि यो नागरिक उड्डयनको पाटो चाहिँ अलि बढि ध्यान दिएको हुन्छ । तपाईंले हेर्नुहुन्छ । आज प्रत्येक दिन विषय नागरिक उड्डयनको चाहिँ विषय सञ्चार मिडियाहरूमा आउछ । यो संस्कृति, पर्यटनको विषयमा आउँदैन । किन आउँदैन? भन्दा हाम्रो मुलुकमा मैले अघि भने ३५ पोइन्ट ८१, आठ एक पोइन्ट जनजाति छन् । र यो मुलुकमा बोलिने भाषाहरू मध्ये ७० प्रतिशत भाषाहरू तिनै जनजातिहरूले बोल्छन् । हामी भाषाका धनी यति धेरै भाषा हामी चाहिँ बोल्छौं भनेर गर्व गर्छौं । त्यो भाषाहरूमध्ये ७० ओटा भाषा जनजातिहरूले बोल्छन् । हाम्रो नेपालमा रहेका भौतिक र अभौतिक सम्पदाहरूको संरक्षण र संवर्द्धन नगर्ने हो भने हामीले पर्यटन प्रवर्धन गर्छु भन्ने कुरा चाहिँ ठट्टा मात्रै हुन्छ कि हुँदैन? यो पाटोमा यो भौतिक र अभौतिक सम्पदाहरूलाई संरक्षण र संवर्द्धन गर्ने कुरामा संस्कृति मन्त्रालयको चासो गएको देखिदन । मैले हेरे प्रोग्राममा कही पनि देखिन त्यो । केही केही प्रोग्रामहरूमा देखें यसमा पनि एक चोटी पहिला एउटा मन्त्रीले गर्न भ्याउनुभा'को थियो । ४५ ओटा पर्यटनको प्रोग्रामहरूमाध्ये ४०/४२ ओटा प्रोग्राम चाहिँ आफ्नो जिल्लामा मात्रै राख्न भ्याउनुभा' थियो । यो काममा यति नै त गर्नुभा' छैन । राम्रै सङ्ख्याको बजेट चाहिँ हाम्रो पर्यटन मन्त्रीको जिल्लामा पनि पर्न भ्याएछ । भनेपछि यो परम्परागत के भा'को छ । यसले गर्दाखेरि मैले अरू धेरै विषयहरू छन् । (बत्ती बलेको छ ।)

मैले खास गरीकन यो भने हुने व्यवस्था मन्त्री मेरो जिल्लामा हुनुहुन्छ । मेरो जिल्लामा ठुलो क्षेत्रमा अहिले पनि नापी नभएको अव्यवस्थित र ऐलानी जग्गाहरू छन् । मैले यो विधेयक बन्दाखेरि यसमा Exercise गरेको थिए । त्यहाँ कुनै पनि परिवर्तन भा'को छैन । त्यहाँका मान्छे आक्रान्त छन् । त्यसलाई साँच्चै सार्थक रूपमा तिनलाई भूमिको मालिक बनाउनको लागि प्रोग्राम आउनुपर्ने त्यस्तो कही कतै केही देखिएको छैन । त्यसो भएकोले म के भन्छु भन्दाखेरि यो हाम्रो छलफल एउटा परम्परा, एउटा औपचारिकता निर्वाह गर्ने सन्दर्भमा मात्रै नहोस् । कम्तिमा पनि होइन है यी क्षेत्रहरूमा समस्या छन् । भनेपछि सुधार गर्न सक्ने हदसम्म सुधार गरेर जाऊ । भौतिक र अभौतिक सम्पदाहरूलाई संरक्षण र संवर्द्धन गर्ने कुरामा ध्यान जाओस् । संस्कृति मन्त्रालयलाई पनि ध्यानकर्षण, अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, खर्च कटौती प्रस्तावको प्रस्तावक माननीय शारदा देवी भट्टलाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै आजका लागि निर्धारित मन्त्रालयका विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु । समय ८ मिनेट ।

(१३:३३ बजे) **माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, हामी अहिले विनियोजन विधेयक, २०८०/०८१ को विभिन्न शीर्षकअन्तर्गत छलफल क्रममा छौं ।

सर्वप्रथम त संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विनियोजित रकम घटाइ १ रुपियाँ कायम गरियोस् भन्ने प्रस्ताव पेस गर्दछु ।

म आज यहाँ विशेष गरेर संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको विनियोजन विधेयकमाथि केही कुरा राख्न अनुमति चाहन्छु ।

अध्यक्ष महोदय, नेपालमा तीन तहको संघीयता रहेको छ । नेपालको मूल संरचनासँग प्रदेश र स्थानीय गरी तीन तहको हुने र यी संघीय एकाइको राज्य शक्तिको प्रयोग गर्न सक्ने व्यवस्था संविधानले गरेको छ तर प्रस्तुत बजेटमा मूलभूत विषय नै तीन तहको संघीयता मैत्री छैन । प्रदेश र स्थानीय तह संविधानतः स्वापत्त राख्ने भनिए तापनि उनीहरूसँग सरकारले अनुदान र सेध सरकारको हस्ताक्षर गरेका जिम्मेवारीमा नै निर्भर रहेका छन् । ०८०/०८१ को बजेटमा मन्त्रालयगत बाँडफाँटको सेरोफेरोमा मात्र सीमित हुँदा स्थानीय तहको वित्तीय स्रोतलगायत अन्य पक्षको बारेमा चर्चा नै गरिएको छैन ।

अध्यक्ष महोदय, संघीयताको सफलतापूर्वक कार्यान्वयनको लागि पर्याप्त साधन स्रोतको उपलब्धता हुन जरुरी छ । जसको लागि मानव संसाधन बजेटलगायत स्थानीय तहलाई सुरक्षित पार्नु जरुरी छ । किनकि यसले सबै क्षेत्र समुदायलाई समान हैसियतमा पुऱ्याउने सोच राख्दछ तर सरकारले प्रस्तुत गरेको बजेटमा यसतर्फ पर्याप्त ध्यान दिएको देखिँदैन । संघीय संसदमा प्रस्तुत भएको बजेट विनियोजन पद्धति र संघीय लोकतान्त्रिक, गणतन्त्रलाई संस्थागत गर्न सक्छ भन्नेमा गम्भीर प्रश्न खडा भएको छ ।

अध्यक्ष महोदय, यस्तै नेपाल सरकारका मन्त्रालयहरूले ससाना योजना तथा कार्यक्रममा बजेट विनियोजन गरेर स्थानीय तहको अस्तित्वलाई नै नकारेको अवस्था छ । नेपाल सरकार

मन्त्रालयहरूले २ लाखभन्दा पनि साना साना योजना तथा कार्यक्रमहरू बजेट विनियोजन गरेर संविधानको उपहास गरेका छन् । एकातिर स्थानीय तहको समानीकरण अनुदान घटाउने कार्य गरेको छ भने । अर्कोतिर स्थानीयकै कार्य क्षेत्र मिच्ने गरी शासन आयोजना तथा कार्यक्रममा बजेट विनियोजन गरेको देखिन्छ ।

अध्यक्ष महोदय, स्थानीय तह जनताको सबैभन्दा नजिकको सरकार हो । यसको व्यवहार सफलता र प्रभावकारिताबाट जनताले शासन प्रणालीप्रति आफ्नो धारणा बनाउँछन् । सरकारको सफलता मापन गर्दछन् । समुदायका आवश्यकता पूरा गर्न समस्या समाधान गर्ने, आधारभूत सेवा प्रवाह गर्ने यसको मूल कार्य हो । तर अहिले स्थानीय तहमा ठिक यसको उल्टो भएको अवस्था छ । यसका थुप्रै उदाहरणमध्ये मुख्यसँगले स्थानीय तह र प्रदेश सरकारलाई गर्न अपमान व्यवहार नै रहेको छ । जसको उदाहरण सरकारबाट प्रस्तुत बजेटलाई नै हेर्दा हुन्छ । बजेटको मन्त्रालयगत विनियोजन विश्लेषण गर्दा यसको उद्देश्य कार्यक्रमभन्दा बिलकुल विविध रहेको छ ।

अध्यक्ष महोदय, संविधानले स्थानीय तह र प्रदेशमा धेरै अधिकार प्रत्यायोजन गरे पनि कर्मचारीहरू संघीय तहमा केन्द्रित छन् । संघीय कार्यालयमा पछिका वर्षमा सरकार स्थानीय तहमा दरबन्दी घटाएर संघीय तहमा दरबन्दी थपेको छ । स्थानीय तह र प्रदेश तहमा अहिले कर्मचारीको चरम अभाव छ । कर्मचारीको अभावसँगै अभावमा स्थानीय तहले आफ्नो कार्यसम्पादन गर्न र जनतालाई यचोचित सुविधा दिनु नसकेको अवस्था छ । सिंहदरबारको सेवा गाउँ गाउँमा भन्ने नारा लगाए पनि स्थानीय तहलाई कर्मचारी अभावकै कारण विकास निर्माणका काम गर्न सकस भएको अवस्था छ । स्थानीय तहका प्रदेश वडाबाट जनताले सेवा पाउनुपर्ने भनिए पनि त्यसो हुन सकिरहेको छैन । अहिले पनि कतिपय ठाउँमा एउटा कर्मचारीले विभिन्न ठाउँमा काम गर्नुपर्ने अवस्था रहेको छ । स्थानीय तहमा कर्मचारी अभावकै कारण विकास निर्माणका काममा समस्या उत्पन्न भएको सरकार जानकार नभएको पनि होइन । तर सरकारले यसतर्फ ध्यान दिइरहेको छैन । यसको समस्या समाधानमा कि त केन्द्रले नै यथाशीघ्र कर्मचारीको व्यवस्थापन गर्नुपर्यो । या स्थानीय तहलाई नै आवश्यकअनुसार कर्मचारी राख्न पाउने अधिकार दिनुपर्यो ।

अध्यक्ष महोदय जहाँसम्म पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको कुरो छ । सरकारले आगामी आर्थिक वर्षका लागि जे जति बजेट छुट्याएको छ । त्यसमा सन्तुष्ट हुने ठाउँ छैन । लटरपटर योजना बनाएर तिनलाई त्यसरी नै योजना कार्यान्वयन गरेर पर्यटन उभो लाग्दैन । नेपालको कुरा कुल गार्हस्थ्य उत्पादन पर्यटनको जति योगदान छ । त्योअनुरूप

बजेट छुट्याएको छैन । नेपालको पर्यटन पूर्वाधार निकै समस्यामा छ । विमानस्थल सडक मात्रै होइन । पदमार्गहरूको पनि समस्या छ । नेपालको राष्ट्रिय ध्वजावाहक विमान विदेशमा धेरै गन्तव्य जाँदैन । उतिहरूलाई यो कालो सूचीमा नै परेको छ । यसो हुँदा पर्यटकहरू देशको विमान प्रयोग गरेर नेपाल आउन बाध्य छन् । यसले महत्त्वपूर्ण योगदान गुमाइरहेको छ । यसतर्फ मन्त्रालयले ध्यान दिएको देखिँदैन ।

अध्यक्ष महोदय, देशमा वर्षौंदेखि भूमिहीन सुकुम्वासी रहेकाले जग्गा पाउन सकेका छैनन् । सुकुम्वासीको नाममा अहिलेसम्म गठन भएका आयोगहरूले पनि यति धेरै जग्गा वितरण गरिसक्दा पनि सुकुम्वासी समस्या झन बढ्दो छ । अनेकौं ठाउँमा वास्तविक सुकुम्वासीलाई व्यवस्था गरेर दलीय झुकाव, नजिकका आफन्त जग्गा पाइरहेका छन् । कतिपय सुकुम्वासीले लालपुर्जा पाए तर जग्गा पाएको छैन । यसतर्फ सरकार र मन्त्रालयको ध्यान जाओस् । अहिले प्रस्तुत बजेटले पनि वास्तविक भूमिहीन सुकुम्वासीको समस्या समाधान गर्नेतर्फ कुनै ठोस् योजना ल्याउन सकेको छैनौं ।

अध्यक्ष महोदय, यस्तै नेपाल कमैयामुक्त भएको २२ वर्ष बढी भैसक्यो तर मुक्त कमैयाका समस्या उस्तै छन् । लामो समय भैसक्दा पनि सरकारले उनीहरूलाई पुनर्स्थापना गर्न सकेको छैन । सरकारले उनीहरूको आधारभूत आवश्यकता जमिनको व्यवस्था गर्न सकेको छैन र हरेक वर्ष झैं यस वर्षको बजेटमा पनि उनीहरूको समस्यालाई सम्बोधन गरिएको छैन । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, खर्च कटौतीका प्रस्तावक माननीय सोनाम गेल्जेन शेर्पालाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै आजका लागि निर्धारित मन्त्रालयका विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु । समय १० मिनेट ।

(१३:४१ बजे) **माननीय श्री सोनाम गेल्जेन शेर्पा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, विनियोजन विधेयकमाथिको छलफलको क्रममा म पर्यटन मन्त्रालयसम्बन्धी केही कुराहरू राख्न चाहन्छु । हामी जुन किसिमले पर्यटन विकास गरिरा'को छौं । हाम्रोमा कस्तो खालको पर्यटन ल्याउने भन्ने सवालमा हामीले धेरै यसो हेर्दाखेरि हामी मास टुरिजमलाई नै प्रोमोट गर्नेतिर लागि रहन्छौं । तर यो मास टुरिजम किन प्रोमोट गर्नुपर्छ नेपालजस्तो देशमा भन्दाखेरि हामीले रोजगार पैदा गर्नको लागि हामी सबैलाई एउटा समान

अवसर दिनको लागि पनि हाम्रो देशजस्तोले मास टुरिजमलाई नै प्रोमोट गर्नुपर्छ । भुटानजस्तोले चाहिँ थोरै जनसङ्ख्या भ'को थोरै भूभाग भ'को आफ्नो कल्चर बिग्रिन्छ । धेरै कुरा चाहिँ संस्कृति अतिक्रमण हुन्छ भनेर चाहिँ त्यहाँ चाहिँ क्वालिटी टुरिजमलाई प्रोमोट गर्या छ भने हामीले मास टुरिजमलाई नै प्रोमोट गर्न नेपालजस्तो देशले जरुरी छ । तर मास टुरिजम भन्नाले फेरि त्यो टुरिजमले हाम्रो क्षेत्रमा कति खर्च गर्छ । भन्ने कुरालाई पनि हामीले मध्यनजर राख्नुपर्छ । पशुपतिमा पनि धेरै टुरिस्टहरू आउँछ । तर नाङ्गा बाबा आउँछ । दशै ला'ख आए पनि त्यसलाई हामीले पर्यटनभित्र परिभाषा गर्न जरुरी छैन जस्तो लाग्छ किन भने । त्यो नेपाल त भ्रमण गर्न आउँछ । तर त्यसले नेपालको अर्थतन्त्रमा कति बेनिफिट दियो भनेर हामीले बुझ्न जरुरी छ । त्यसकारण बेनिफिट ल्याउनको लागि हामीले त्यस्ता मापदण्डहरू बनाएर टुरिजमलाई अगाडि बढाउन जरुरी छ । तर विगतमा हाम्रो टुरिजम कस्तो भ'को रैछ भने कुनै पनि म्यानेजमेन्ट प्लान नबनाईकन टुरिस्ट आयो विदेशबाट । टुरिस्ट आयो ल्यायो । हामीले सबै कुरा गर्यो । अतिथि सत्कार गर्यो । अतिथि देवो भन्यौं । घरमा बसेर खाना दियौं । त्यस्तैबाट सुरुआत भ'को टुरिजम रैछ । तर अहिले यसलाई प्रोफेस्नल टुरिजम व्यावसायिक टुरिजमको रूपमा विकास हुँदै गैरा'को छ । पर्यटन मन्त्रीज्यू यहाँ हुनुहुन्छ । मैले वहाँलाई के रिक्वेस्ट गरैं भने अब हामीले टुरिजम विकास गर्दाखेरि हामीले म्यानेजमेन्ट प्लानलाई अगाडि बढाएर टुरिजम विकास गर्न जरुरी छ । टुरिस्ट आउँछ जान्छ । जसरी भए पनि अगाडि बढाउनेतर्फ हामी जानुहुँदैन । नयाँ नयाँ गन्तव्यहरूलाई हामीले पहिचान गरेर त्यहाँ म्यानेजमेन्ट प्लान बनाएर । त्यसलाई नै हामीले गोल बनाएर अगाडि बढाउन जरुरी छ । हामी सगरमाथामा टुरिजम विकास गर्यौं । सगरमाथा क्षेत्रमा हिमाल क्षेत्रमा टुरिजमहरू विकास गर्यौं । त्यहाँ पनि एउटा दुइटा टुरिस्ट आउने खाने बस्ने त्यसै गरी टुरिजम भएर चिया पसलमा खाने कहिलेकहीं त फ्रीमा पनि दिने त्यस्तो खालको विकास भ' रैछ । तर विस्तारै विस्तारै सगरमाथा आरोहण गरेर । सगरमाथामा मानव पाइला टेकेको हो । ७० वर्षपछि अहिले भर्खर भर्खर एउटा व्यावसायिक टुरिजमको रूपमा सगरमाथा क्षेत्रमा विकास भैरा'को छ । त्यसकारण मेरो भनाइ के हो भने टुरिजम विकास त्यसरी हलुको तालले नभएर । यहाँ पनि टुरिजम विकास गर्नुपर्यो । यहाँ पनि टुरिजम विकास गर्नुपर्यो तर त्यसलाई हामीले एउटा गुरुयोजना बनाएर एउटा म्यानेजमेन्ट प्लान गरेर पार्ट अफ तयार गरेर एउटा टुरिजम विकास गर्न जरुरी छ । नत्र भने यो लथालिङ्ग टुरिजम हुन्छ । त्यसकारण सगरमाथा क्षेत्रमा टुरिजम आयो । आर्थिक रूपमा पनि सम्पन्न भयो । तर आज हामीले फेरि पुनः एकचोटि मूल्याङ्कन गर्न जरुरी छ । हामी कति कुरा लस गर्यौं त सगरमाथा क्षेत्रमा । हाम्रा वातावरणहरू कति लस भयो । हाम्रा हिमालहरू कति प्रदूषित बनायौं भन्नेतर्फ पनि मूल्याङ्कन गर्न जरुरी छ । पर्यटनले त्यसकारण म

पर्यटन मन्त्रीज्यूलाई विनम्र अनुरोध के हो भने आज पनि हामी लाजमर्दो के भैरा' छ भने । सगरमाथा चढ्ने एउटा मापदण्ड हुन्छ । सगरमाथा कहाँबाट चढेर टुप्पोमा पुगेर कहाँ झर्ने र त्यसलाई सगरमाथा चढेको मान्यता दिने भन्ने हुन्छ तर नेपालको कुनै पनि ऐन, कानुनमा पर्यटन ऐनमा सगरमाथा यहाँदेखि यहाँ चढेर यहाँदेखि यहाँ झर्यो भने सगरमाथा चढेको मान्यता दिने भनेर कहीं लेखिएको छैन । त्यसकारण कहिलेकहीं विवाद हुने गर्छ । हेलिकप्टरमा २ नम्बर क्याप, ३ नम्बर क्यापमा हेलिकप्टर ओर्लिने त्यहाँबाट सगरमाथा चढेन फेरि फर्केपछि २ नम्बरबाट फर्केर जाने त्यसलाई पनि सगरमाथा चढेको मानिन्छ । कुनै मान्छे तर बेस क्यापबाट गएर टुप्पोमा चढेर झरेको लागि पनि सगरमाथा चढेको मानिन्छ भनेदेखि कुनलाई चाहिँ सगरमाथा चढेको मानिने? त्यसकारण यो पनि ऐनमा व्यवस्था हुनुपर्यो के सगरमाथा कहाँबाट चढ्ने र कहाँबाट झर्ने भनेर ऐनमा व्यवस्था हुन जरुरी छ । आज सगरमाथाको आधार सिविर जानुस् । विभिन्न हिमालको आधार सिविर जानुस् । त्यहाँ मान्छेले व्यवस्थापन गरेर बस्दाखेरि त्यहाँ व्यवस्थापन भन्नाले त्यहाँ सिज्नल टुरिजम त्यहाँ बस्दाखेरि त्यहाँ कति चाहिँ प्रदूषण भ'को छ । त्यहाँको ग्लेसियर कति मेल्ट भ'को छ । कति वातावरणमा असर पुराको छ । त्यसतर्फ सरकार गम्भीर छ कि छैन त? सरकारले त्यो बेसक्याम्प कसरी चाहिँ स्थापना गर्ने भनेर चाहिँ मापदण्ड बनाको छ कि छैन? म त केही पनि देख्दिन सरकारले त्यस्तो कुरामा मापदण्ड बना'को । त्यसकारण पर्यटन कहाँ छ? हामी त खालि पर्यटनमा बजेट छुट्याइ रा'को छौं १ लाख, २ लाख रुपियाँ छुट्याइरा'को छौं । काम गरिरा'को छौं । तर पर्यटन समग्रमा रूपमा एउटा गोल हुनुपर्छ । पर्यटनले खालि विकास मात्र ल्याउने आर्थिक उन्नति गर्ने मात्र हो । त्यसले..... पनि गर्छ । त्यसकारण त्यसलाई पनि हामीले एड्रेस गरेर हाम्रो पर्यटनलाई कसरी जाने भन्नेतिर चाहिँ सरकारले स्पष्ट धारणा बनाउनुपर्छ जस्तो मलाई लाग्दछ ।

आज पर्यटन मन्त्रालयले गुम्बाहरूलाई पैसा छुट्याउने गर्या छ । मन्दिरहरूलाई पैसा छुट्याउने गर्या छ । यो क्षेत्रमा त केही नियमन निकायहरू होला । पुरातत्त्व विभाग होला । त्यसले अलिकति नियम भित्र राखेको छ । तर हामीले चाहिँ अलिकति व्यवस्थापन गरेका छौं । तर आज पैसा पाउने नाममा पुरानो पुरानो गुम्बाहरू भत्किन थाल्या छ । नयाँ गुम्बाहरू बनाउन थाल्या छ । त्यो भत्काएर । सयौं वर्षका गुम्बाहरूलाई त्यसलाई पनि हामीले निगरानीमा राख्न जरुरी छ । त्यसलाई पनि हामीले बजेटबाट चाहिँ सम्बोधन गरेका गुम्बाहरू कस्तो बनाउने हो । कति वर्ष पुगेर त्यसलाई जीर्णोद्धार गर्नुपर्छ । त्यसलाई पूरै मासिक हुँदैन भनेर स्पष्ट नीति निर्देशन पर्यटन मन्त्रालयबाट हुनुपर्छ भन्ने मलाई लाग्दछ । त्यसकारण मैले धेरै ठाउँमा घुमेको छु । गुम्बाहरू हेरेको छु । सय वर्ष पुगेको डेढ सय वर्ष पुगेको दुई सय

वर्ष पुगेको गुम्बाहरू भत्काएर नयाँ गुम्बाहरू खडा गरेको छ । तर मान्छेले विकासमा कस्तो लाग्दो रैछ भने एकदम नयाँ बनायो भने विकास लाग्दो रैछ त्यहाँ त्यसकारण हामीले त्यस्ता पुरातात्त्विक महत्त्वहरूलाई पनि जोगाउन जरुरी छ । आज मलाई भन्नै मन लाग्यो । सगरमाथा आरोहण गरेको ७० वर्ष मानव पाइला टेकेको ७० वर्षको अवसरमा चाहिँ त्यहाँ उत्सव मनाउनको लागि न्युजिल्यान्डका भूपू प्रधानमन्त्री हेलेन क्लार्क त्यहाँ आएर त्यस क्षेत्रमा कार्यक्रममा सहभागी भो' । ब्रिटिस राजदूत सहभागी भो' । त्यहाँ अस्ट्रेलियन राजदूत सहभागी सहभागी भो', न्युजिल्यान्डको राजदूत भो, अमेरिकन राजदूत सहभागी भो' तर नेपाललाई थाहा छैन कि ७० वर्ष पुग्यो कि ८० वर्ष पुग्यो । नेपाल सरकारलाई थाहा छैन । योभन्दा विडम्बना के हुन सक्छ यो देशको । नेपाल सरकारलाई थाहा हुनुपर्छ कि पर्दैन? सगरमाथा हाम्रो हो कि होइन? विदेशबाट दुइटा प्रधानमन्त्री शुद्ध आएर चाहिँ ७० वर्ष पुगेको उपलक्ष्यमा म पनि त्यहाँ कार्यक्रममा सहभागी भएँ । त्यो कार्यक्रम आएर सहभागी भएर चाहिँ कार्यक्रममा सहभागी भो' । तर नेपालका सरकारलाई यो विषयमा केही थाहा छैन । योभन्दा दुर्भाग्य के हुनुपर्छ । हुनुसक्छ । त्यसकारण योतिर पनि सोचियोस् । अलिक सिरियस भएर हाम्रो पर्यटन कहाँतिर जाँदै छ । यहाँतिर पनि सरकारले ध्यान दियोस् ।

मैले त यहाँ पर्यटन विकास गर्दाखेरि कुन कुन कुरामा ख्याल राख्नुपर्छ भन्ने कुरा पनि स्पष्ट भन्न चाहन्छु । सबैले अहिले पर्यटन पर्यटन गर्या छ । पर्यटनलाई पनि मैले के गर्ने भन्ने गर्‍या छु भने कुनै पनि पर्यटनको सम्भाव्य छ भने त्यो पर्यटनको विकास गर्नुपर्छ । त्यो पर्यटनलाई नै हामीले लिङ्केज गरेर उत्पादन क्षेत्रहरू बढाउन पर्छ । कृषि क्षेत्रलाई चाहिँ आत्मसात गर्दै अगाडि बढाउनुपर्छ । त्यसलाई नै इकोनोमीमा लिङ्केज गर्नुपर्छ र नेपालको आर्थिक उन्नति हुन धेरै सम्भावनाहरू छ । त्यसकारण सबैभन्दा ठुलो कुरो के रैछ भने पर्यटनमा चाहिँ जुन ठाउँमा पर्यटनको सम्भावना छ । संसारले चिनेको पर्यटन छ भने त्यो ठाउँको विकास भयो भने । वरिपरिको साना साना पर्यटनका गन्तव्यहरू आफै विकास हुन्छ । तपाईंले स्पष्ट रूपमा भन्नुहोस् । तपाईंको मनदेखि भन्नुस् । यो हनुमानढोका हेर्छु भनेर कोही पर्यटन चाहिँ युरोपबाट आउँछ? भक्तपुरको दरबार स्क्वायर हेर्छु भनेर कोही पर्यटन युरोपबाट आउँछ? अमेरिकाबाट आउँछ? तर सगरमाथा क्षेत्रको राम्रो विकास गर्नुस् न त संसारको सबभन्दा अग्लो हिमाल भ'को क्षेत्र लुम्बिनीको राम्रो विकास गर्नुस् न । त्यो क्षेत्रको विकास गर्‍यो भने पर्यटन स्वतः आउँछ र अरू क्षेत्रलाई पनि त्यसले प्रभावकारी भूमिका खेल्छ र अरू क्षेत्र पनि राम्रोसँग पर्यटनको गन्तव्य बन्छ । त्यसकारण हामीले साना साना पर्यटनको गन्तव्य

बनाउनुभन्दा पनि जुन किसिमको संसारमा प्रख्यात गन्तव्यहरू छ । त्यसलाई नै व्यवस्थित गरौं । र अरू क्षेत्र पनि त्यसले गर्दाखेरि सहज हुन्छ भन्ने मान्यता राख्छु ।

र त्यसकारण अन्तमा म के भन्न चाहन्छु भने यस्तै यस्तै गतिविधिमा चाहिँ यो पर्यटन मन्त्रालयले चाहिँ ध्यान दिन नसकेको हुनाले बजेट छुट्याउन नसकेको हुनाले यो बजेटप्रति मेरो आपत्ति छ । र यसलाई चाहिँ संस्कृति तथा पर्यटन नागरिक उड्डयन मन्त्रालयको बजेटमा राष्ट्रिय सभा नियमावली परिच्छेद- १६ १३४ (क) बमोजिम खर्च घटाइ रु. एक कायम गरियोस् भनी म प्रस्ताव राख्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, अब आजका लागि निर्धारित मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूको नाम दलीय आधारमा प्राप्त हुन आएको छ । म माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँछु ।

माननीय महेश कुमार महरा । समय १० मिनेट । त्यसपछि माननीय अनिता देवकोटा ।

(१३:५१ बजे) **माननीय श्री महेश कुमार महरा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी विनियोजन विधेयकमाथि छलफल गरिरहेका छौं । र योभन्दा पूर्व मेरो प्रदेशमा दुइटा विषय म उठाउन चाहन्छु । यसका निमित्त म सम्माननीय अध्यक्ष महोदयमार्फत अनुमति माग्न चाहन्छु, उठाउनै पर्ने विषय भएको कारणले । त्यसपछि म विनियोजन विधेयकमा छलफल गर्ने छु ।

सम्माननीय अध्यक्ष महोदय, सुदूरपश्चिम प्रदेशको कञ्चनपुर जिल्लाको शुक्लाफाँट आरक्ष छ । र त्यो आरक्षभित्र आरक्ष पीडितहरू छन् । २०५८ सालमा तत्कालीन शाही नेपाली सेना र हात्ति लगाएर आरक्षभित्र तीसौं वर्षदेखि बसोबास गर्दै आएका नागरिकलाई सूचनाविना त्यहाँबाट हटाइयो । मुआब्जा पनि दिएन । र केही नदिएर परिवारलाई नै विस्थापित गरियो, बाध्य पारियो र त्यसपछि ती आरक्ष पीडितको समाधानका निमित्त आजसम्म चैं ३२ वटा आयोगहरू बने । ती आयोग बने पनि अहिलेसम्म त्यो समस्याको समाधान हुन सकेको छैन । त्यसो भएको कारण म नेपाल सरकारको ध्यान आकर्षण गराउन चाहन्छु । ती विस्थापित आरक्ष पीडितहरूलाई व्यवस्थित गरियोस् ।

र अर्को कुरा आरक्ष पीडितहरू २२ वर्षदेखि चैं सिविर, जङ्गल र नदीका किनारमा बसिरहेका छन् । र ती चैं सुकुम्बासी होइनन् । ती आरक्ष पीडित तिनले भएको आफ्नो जमिन नेपाल सरकारलाई बुझायो, दियो आवश्यक परेर तर दिइसकेपछि उनीहरूलाई त्यो सट्टा जमिन दिइएन । बरु उनीहरूलाई के दियो त भन्दाखेरि सिविर दियो । सिविरमा चैं बस्न बाध्य बनाइएको छ । त्यसो भएको कारण सिविर होइन अब ती आरक्ष पीडितलाई त्यो समस्याबाट उन्मुक्ति दिएर उनीहरूलाई जमिनको साटो जमिन दिएर उनीहरूलाई व्यवस्थित गर्नुपर्छ । यो सरकारले चैं बुझ्नुपर्छ भन्ने म ध्यान आकर्षण गराउन चाहन्छु । पटक पटक आयोग बने । ३२ वटा आयोग बन्दा समस्या समाधान भएन । त्यसपछि त्यसलाई, आरक्ष पीडितलाई राजनीतिक रूपमा लियो । राजनीतिक गर्ने थलोको रूपमा लियो, राजनीतिक दलहरूले । तर यसपटक, यसपटक म भन्न चाहन्छु अध्यक्ष महोदयमार्फत अब राजनीतिक गर्ने थलोको रूपमा होइन उहाँहरूको वास्तविक पीडा बुझेर उहाँहरूलाई चैं न्याय दिनुपर्छ । यसका निम्ति म जोडदार अध्यक्षमार्फत सरकारको ध्यान आकर्षण गर्न चाहें ।

एउटा यो विषय राखें भने अर्को कुरो सुदूरपश्चिम जिल्लाको कैलाली जिल्लाको गोदावरी नगरपालिकामा बस्ने १७ वर्षीय अस्विन बोहरा चैं नेपालगञ्जको अनलाइन टेक्निकल कलेजमा नेत्र विज्ञानमा अध्ययनरत थिइन् र एउटा भागेश्वर गर्ल्स होस्टेलमा बस्थिन् । तर वहीकै साथी लक्ष्मी खड्काले एक दिन आफ्नो कोठामा बोलायो । जेठ ११ गते आफ्नो कोठामा बोलाएछन् । बोलाइसकेपछि उनलाई नास्तामा के मिसायो, त्यो थाहा भएन । त्यसपछि उनलाई बेहोस गरेर त्यहीं पढ्ने तेस्रो वर्षमा अध्ययनरत गिलेन्द्र शाहीले चैं बलात्कार गर्यो । बलात्कार गरिसकेपछि ती विक्षिप्त भई र उनले चैं हस्पटिल भर्ना गर्यो । तर उनले बताएनन् ममाथि यो अन्याय भो' भनेर । घर गइन् र असार ९ गते उनले आत्मदाह गरिन् । आत्म त्यागिन् । त्यस्तो भइसकेपछि अहिले त्यो दोषी त हिरासतमा छ । तर त्यो लक्ष्मी खड्का चैं फरार छ । र पीडितका परिवारहरूले आशङ्का गरिरहेका छन्, वास्तवमा न्याय पाउने हो कि पाउने होइनन् भनेर उनले धाइरहेका छन् । त्यसो भएको कारण म अध्यक्ष महोदयमार्फत गृहमन्त्री र नेपाल सरकारको ध्यान आकर्षण गराउँछु, ती दोषीहरूलाई कडाभन्दा कारबाही गरियोस् । आत्म दुरुत्साहनको मुद्दा त छ छ त्यसलाई चैं जकको मुद्दा लाएर पनि कडाभन्दा कडा कारबाही गरियोस् भन्ने म माग राख्न चाहन्छु ।

र अब म विनियोजन विधेयकमाथिको छलफलमा भाग लिन चाहन्छु । यहाँ म निर्वाचित भएर आएको ६ वर्ष हुन लाग्यो । म २०७४ सालमा निर्वाचित भएर आएको थिएँ । प्रत्येक वर्ष आउने बजेटहरू, नीति तथा कार्यक्रमहरू र नीति तथा कार्यक्रमहरूपछि आउने बजेटहरू र

बजेटपछि आउने विनियोजन विधेयकहरू हामीले हेर्यौं । र यहा प्रस्तुत गर्दाखेरि संविधानको प्रस्तावनालाई हेरिन्छ । हाम्रो राज्य व्यवस्था समाजवाद उन्मुख रहने छ भनेर त्यहाँ लेखिएको छ । तर हरेक वर्ष हामीले पक्ष, विपक्षमा बोल्यौं । कहिले हामी पक्षमा बोल्यौं, कहिले हामी विपक्षमा बोल्यौं तर समाजवाद उन्मुख बजेट आउन सकेन । यसपालि पनि त्यसैको निरन्तरता हो । यद्यपि, म गठबन्धनको सत्तापक्षको माननीय हुँ । तैपनि म के भन्न चाहन्छु भने जसरी नीति तथा कार्यक्रम आयो, जसरी बजेट आयो बजेटपछि आउने विनियोजन विधेयकमा हेर्दाखेरि उदास लाग्यो मलाई । यसरी साँच्चै हामी यो भाषणमा हाम्रा मन्त्रीज्यूहरूले भन्नुहुन्छ, प्रधानमन्त्रीज्यूहरूले भन्नुहुन्छ संघीय लोकतान्त्रिक गणतन्त्रलाई हामीले संस्थागत गरेर लैजानुपर्छ, यो व्यवस्थालाई हामीले दिगो बनाएर लैजानुपर्छ भनेर निकै मिठा मिठा भाषण गरेको सुनिन्छ र सुन्छौं पनि । यहीं रोस्ट्रममा आएर भन्नुहुन्छ तर विनियोजन विधेयक हेर्दाखेरि के यो तरिकाले संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना संस्थागत हुन सक्छ? म प्रश्न गर्न चाहन्छु । कदापि हुन सक्दैनन् । आज यिनै सदनहरूमा यो व्यवस्थाका विरुद्ध बर्खिलाप गर्नेहरू गर्जिरहेका छन् । किन गर्जिरहेका छन्? यही कारणले चैं गर्जिरा' छन् । यो कुरा मनन गर्ने कि नगर्ने आदरणीय माननीय मन्त्रीज्यूहरूले? म यो भन्न चाहन्छु ।

त्यसो भएको कारण म के भन्न चाहन्छु भने जुन आज हामी विनियोजन विधेयकमा छलफल गरिरहेका छौं, सबभन्दा पहिले म भौतिकतिर चैं केही आफ्ना सुझाव, जिज्ञासाहरू राख्न चाहन्छु । सम्माननीय अध्यक्ष महोदय, मातहत माननीय मन्त्रीज्यूलाई के भन्न चाहन्छु भने मेरो सुदूरपश्चिम प्रदेशमा महाकाली करिडोर र सेती करिडोरमा बजेटहरू छुट्याएको छ । महाकाली करिडोरमा ४५ करोड छुट्याएको छ भने त्यो ४५ करोडले कहिले त्यो पूरा हुन्छ? यसको यो १८ अर्बको परियोजना रैछ । यो ०८१ र यो ०८२ मा चैं रुट ओपन गर्नुपर्ने रहेछ । तर ..... खण्डमा ३५ किलोमिटर खण्डमा वनले सहमति दिएको छैन । यस्तो अवस्था छ । अब ४५ करोडले त्यो ०८१/०८२ मा रुट ओपन हुन सक्छ? मलाई लाग्छ त्यो हुन सक्दैन । त्यो सायद हाम्रो नातिको पालामा चैं त्यो सम्पन्न हुन्छ । हाम्रा पालामा हुन सक्दैन । त्यसो भा'को कारणले कुनै योजना बनाउनु छ भने त्यसलाई समयमा सम्पन्न हुने गरी बनाउनुपर्छ । हचुवाको भरमा बनाइनुहुँदैन । त्यसो भएको कारण म माग गर्न चाहन्छु त्यो रकमले त्यहाँ प्राप्त हुन सक्दैन र छिटो हामीले विकास गर्ने हो भने बजेट सुनिश्चितता के हो? त्यो हेर्नुपर्यो । यदि हुँदैन भने इमानदारिपूर्वक भन्न सक्नुपर्छ । र हामीले बोल्न सक्नुपर्छ जनताको माझमा हामी सक्दैनौं, यो यो कारणले । तर मिठा मिठा कुरा गरेर हुन सक्दैन । यसरी ढाँट्न पाइँदैन ।

दोस्रो कुरोः म उहाँलाई के जिज्ञासा राख्न चाहन्छु भने त्यो व्यवस्था हुन्छ कि हुँदैन? उहाँले जवाफमा दिनुहोला म ६ वर्ष भइसकेपछि मेरो डडेल्धुरा जिल्लाको भित्री मधेसमा एउटा रङ्गुन नदी छ । मैले पटक पटक बोल्दै आएको छु । त्यो रङ्गुन नदीमा एउटा मोटरपुल आवश्यकता छ । किन त दुइटा वडा जोड्ने मात्र होइन हामीले अहिले पर्यटनको कुरा गर्यौं । त्यहाँ ७ जिल्ला, ९ जिल्लामध्ये ७ जिल्ला पहाडी जिल्ला छन् र पहाडी जिल्लाको सबैभन्दा ठुलो आलीताल, ताल त्यहाँ छ । त्योताललाई जोड्नको निमित्त पनि आवश्यक छ त्यो पुल । तर मैले ६ वर्षसम्म मैले आफ्ना letter pad हरूमा दिएँ, लेखेर दिएँ, मन्त्रीज्यूलाई भेटें, यसपालि अलि आशा थियो । हाम्रो उपप्रधानमन्त्री योभन्दा पहिले, अहिले गृहमन्त्री हुनुहुन्छ । पहिले भौतिक मन्त्री हुनुहुन्थ्यो । मैले गएर भेटें । र उहाँले तोक पनि लाउनुभो' । र खुसी पनि लाग्यो । ६ वर्ष के गरिस्? भनेर जनताले मलाई त्यहाँ सोध्छन् । त यसपालि कम्तीमा त्यो रङ्गुन खोलामा मोटरपुल त पर्ला र त्यहाँको समस्या समाधान होला भन्ने मलाई लागेको थियो । तर त्यो रद्दीको टोकरीमा फालिएछ । यसो रेड बुकमा, विनियोजन विधेयकमा हेर्दा त्यहाँ जिरो बजेट पनि छैन । यस्तो पनि गर्न पाइन्छ? म तपाईंहरूलाई धन्यवाद, शुभकामना दिन चाहन्छु । ठिक छ, माननीयज्यूहरूको क्षेत्रमा त तपाईंहरूले बजेट पार्न सक्नुभएन तर आफ्नो क्षेत्रमा त कम से कम बजेट पार्नुभएको रहेछ । त्यसैले धेरै धेरै धन्यवाद म तपाईंहरूलाई दिन चाहन्छु । आदरणीय अध्यक्ष महोदय, अध्यक्ष महोदयमार्फत म धेरै धेरै धन्यवाद दिन चाहन्छु । र यसो भएको कारण यसको जवाफ कतैबाट, यो कहीं म्यानेज गर्न सकिन्छ कि सक्दैन? यसको जवाफ मैले चाहें । र यो विषयमा यति राख्दै समय छोटो छ । त्यसो भएको कारणले म भूमि व्यवस्थातिर जान चाहें ।

भूमि व्यवस्था म अध्यक्ष महोदयमार्फत मन्त्रीज्यूको म ध्यान आकर्षण गर्न चाहन्छु । हाम्रो संविधानमा पनि उल्लेख भएको कुरा हो भूमिहीन एकचोटि सुकुम्बासीलाई जमिने दिने भन्ने कुरा छ । तर त्यो कुरा सिमित रह्यो । यो बजेटमा हेर्दाखेरि तिनीहरूलाई जमिन कहाँबाट दिने? कसरी सम्पन्न गर्ने भन्ने कुरा यहाँ उल्लेख छैन । र बत्ती बलिसकेको कारण म पर्यटन मन्त्रीज्यूको ध्यान आकर्षण गराउन चाहन्छु । पर्यटन मन्त्रीज्यूलाई पनि मैले भेटेर भनेको थिएँ । र उहाँले काम राम्रै गर्नुभएको छ । त्यसको लागि धन्यवाद । तर मैले उहाँलाई के भनें भने त्यही पर्यटन क्षेत्रमा कम्ती ६ वर्षसम्म अब घर जाने बेला भयो । त्यहाँ हामीले यति विकास गर्छौं । त्यहाँ लडियो त्यो क्षेत्रको निम्ति । त्यहाँ पर्यटन क्षेत्र पशुराम धाम छ । हिन्दुहरूको ४ वटा धाममध्ये एउटा पशुराम धाम छ । त्यही आलीताल छ । त्यहाँ थुप्रै झरनाहरू छन् । यसका निम्ति लेखेर दियो, त्यो पनि हुन सकेन । यसो भएको कारण यसो

समग्रमा हेर्दाखेरि यो बजेट, यो बजेट संघीयताको पक्षमा छैन । यो बजेट नेपाली जनताको पक्षमा छैन । यो बजेट संघीयतालाई संस्थागत गर्ने होइन, संस्थागत गर्ने होइन, यो बजेट संघीयतालाई विस्थापित गर्नेहरूको पक्षमा छ । जो अहिले यहीँ सदनमा, यहीँ प्रतिनिधि सभाको सदनमा चैं कुर्लिरहेका छन् । यो व्यवस्था गलत हो । यसलाई सिध्याउनुपर्छ भनेर बोल्ने ती सम्सान घाटमा पुगेका मान्छेहरू फेरि यहाँ बोलिरहेका छन् । उहाँहरूलाई त्यो ...... भएको छ । त्यसो भएको हुनाले तपाईंहरूलाई धेरै धेरै धन्यवाद दिँदै समय सिद्ध्यो । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय अनिता देवकोटा । समय १२ मिनेट । त्यसपछि माननीय उदय बहादुर बोहरा ।

(१४:०२ बजे) **माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम त अर्घाखाँची पाणिनी गाउँपालिकामा पहिरोबाट ३ जनाको मृत्यु भएको छ । उहाँप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । र नेपाल सरकारलाई असुरक्षित ठाउँमा रहेको बस्तीलाई छिटोभन्दा छिटो सुरक्षित ठाउँमा सारियोस् र विभिन्न ठाउँमा डुवानबाट, बाढी पहिरोबाट प्रभावितहरूलाई उद्धार कार्यमा तदारुकताका साथ सरकार लगोस् भनेर म आग्रह गर्न चाहन्छु । त्यसै गरी ठाउँ ठाउँमा अवरुद्ध भएका सडकहरू समयमै सुचारु नभएको कारणले यात्रुहरू अलपत्र परेका छन् । त्यतातर्फ पनि सरकारको ध्यान जाओस् भनेर हार्दिक अनुरोध गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, ०८०/०८१ को बजेट, विनयोजित बजेटमाथिको छलफलमा हामी जुटेका छौं । मुलुकलाई बाह्य कारण र आन्तरिक कारणका कारण मुलुकको अर्थतन्त्र अत्यन्त तरल अवस्थामा छ । यो विषम परिस्थितिमा हाम्रा स्रोत र साधनलाई कसरी नागरिकको सरोकारको विषय बनाउनु सकिन्छ? यो सबैभन्दा महत्त्वपूर्ण विषय हो भन्ने मलाई लाग्छ । त्यसैले हामीले व्यवस्था त परिवर्तन गर्यौं, नागरिकको अवस्था परिवर्तन गर्न सकेका छैनौं । त्यतातर्फ सम्बन्धित निकायहरूले ध्यान जान जरुरी छ भन्ने मलाई लाग्दछ । सीमित स्रोत साधनलाई हामीले छलफल गरेर नागरिकलाई केन्द्रमा राखेर हाम्रा योजनाहरू तर्जुमा हुनुपर्छ । त्यसैले हामीले बजेटका प्राथमिकता र सिद्धान्तको छलफल गर्यौं, नीति र कार्यक्रमको छलफल गर्यौं, बजेटको छलफल छलफल गर्यौं, अहिले विनियोजित बजेटहरूको छलफलमा हामी जुटेका छौं । तर पनि हामीले छलफलमा जुटिरहँदा साँच्चै नागरिकको सरोकारको रूपमा हिजो प्रतिपक्षमा रहेर बसेको सांसदहरू अहिले मन्त्री बन्नुभएको छ । तथापि पनि नागरिकलाई

केन्द्रविन्दुमा राखेर ती बजेटहरू विनियोजन भएका छैनन् । जहाँ मन्त्री छ, जहाँ पहुँचवाला छ, त्यहाँ मात्र बजेट विनियोजन हुने हुँदा त्यसले यो लोकतन्त्रको उपहास, संघीयताको उपहास जसले सक्यो त्यसले गर्ने भन्नेको उपहास भएको मलाई महसुस भएको छ । त्यसैले आफूबाटै सुधार गर्न म सम्मानित सभाका माध्यमबाट सरकारको ध्यान आकर्षण गराउन चाहन्छु ।

सम्माननीय सभाध्यक्षज्यू, हामी भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्रालयअन्तर्गत म कुरा गर्न चाहन्छु । एक वर्षभित्र दलितलाई आवास दिने कुराहरू संविधानमा लिपिबद्ध छ । आज संविधान निर्माण भएको आठ वर्ष पुगिसक्दा पनि दलित सुकुम्बासीहरूले जग्गा उपलब्ध गर्न पाएका छैनन् । त्यतातर्फ सरकारको के तयारी छ? भनेर म भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रीलाई म सोधन चाहन्छु । त्यसैगरी गरिबसँग विश्वेश्वर कार्यक्रम आएको छ । यो गरिबसँग विश्वेश्वर कार्यक्रम युवाहरूलाई विदेश पलायन हुनबाट रोक्ने, रोजगारीलाई जोड्ने, उद्यमशीलतालाई जोड्नेतर्फ यो कार्यक्रम मुखरित हुनुपर्छ भन्ने मलाई लागेको छ ।

सम्माननीय अध्यक्षज्यू, हामीले २०७२ मा संविधान जारी गरिसकेपछि हामी भूउपयोग नीति ल्यायौं । भूउपयोग नीति किन अवलम्बन हुन सकेको छैन? म प्रश्न गर्न चाहन्छु । जसले गर्दा अहिले कृषिका जमिनहरू खण्डीकरण भइरहेका छन् । बस्ती विकासका योजनाहरू कार्यान्वयन हुन सकिरहेका छैनन् । भूक्षयहरू बढिरहेको छ । त्यलाई रोकथाम गर्नको लागि हामी भूउपयोग नीति अवलम्बन गरेर बन, जङ्गलको अतिक्रमण, सरकारी जग्गाहरूको अतिक्रमण, सहरी ठाउँहरूमा खुल्ला जमिनको उपलब्धता आदिका कुराहरू भूउपयोग नीतिबाट मात्रै सम्भव हुन्छ । तर सरकारले भूउपयोग नीति अहिलेसम्म पनि कार्यान्वयनमा ल्याउन सकेको छैन । हिजो जमिनलाई ४ भागमा विभाजन गरिएको थियो । अहिले भूउपयोग नीतिले १० भागमा वर्गीकरण गरेको छ । तर पनि स्थानीय तहसँग समन्वय गरेर त्यो भूउपयोग नीतिलाई कार्यान्वयन गर्नको सट्टा सरकार अझै पनि त्यो कार्यान्वयनप्रति आफ्नो इच्छा शक्ति नदेखाएको मलाई महसुस भएको छ ।

त्यसै गरी सम्माननीय अध्यक्षज्यू, भूउपयोग ऐन, २०७६ हामीले निर्माण गर्यौं । त्यसको प्रभावकारी कार्यान्वयन किन हुन सकेको छैन? भूउपयोग जुन ऐनलाई हामीले कार्यान्वयन गर्न नसकिरहँदाखेरि त्यसमा भूमि बैङ्कको व्यवस्था रहेको छ । भूमि उपयोग वर्गीकरण गरेर सम्बन्धित व्यवस्थामा कार्यान्वयन गर्ने, भूमिको अधिकतम उपयोग गरेर स्थानीय तहमा भूमि बैङ्क स्थापना गर्ने सक्ने ऐन निर्माण भएको छ । तर पनि नियमावली बनेको छ, कार्यविधि बनेको छ तर भूमि बैंक अहिलेसम्म कार्यान्वयनमा यो आउन सकेको छैन । सरकार र सम्बन्धित

मन्त्रालयले के गर्न खोजिरेहको छ? यस बारेमा स्पष्टता आओस् भनेर म सरकारको ध्यान आकर्षण गराउन चाहन्छु ।

त्यसै गरी सहकारी । घर घरमा भकारी, गाउँ गाउँमा सहकारी भन्ने कुराहरू छ । अहिले सहकारीको नियमन इत्यादि नहुँदा अहिले पारदर्शिताका कुराहरू आएका छन् । त्यसैले मेरो होइन हाम्रो भन्ने मान्यताका साथ सहकारीलाई एउटा अर्थ नीतिको, तीन खम्बे अर्थ नीतिको आधार स्तम्भका रूपमा यसलाई पारदर्शिता सुशासनमा बढी जोड दिएर अगाडि बढाउनुपर्छ भन्ने मलाई लाग्छ । अहिले धेरै विकृतिहरू बढेर गएका छन् । जसले गलत गर्छ, त्यसलाई दण्ड दिने, जसले राम्रो काम गर्छ, त्यसलाई पुरस्कार दिने प्रवृत्तिको विकास गर्यौं भने हामीले नियमन गर्न सक्छौं भन्ने मलाई लागदछ ।

त्यसै गरी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत म निवेदन गर्न चाहन्छु खाल्टोले भरिएका जोखिमपूर्ण राजमार्गहरू छन् । गुणस्तरहीन सार्वजनिक यातायात सेवा, लोडसेडिङ, पानी नआउने धाराजस्ता कारणले पनि परिपूर्वाधार विकास जनजिब्रोको विषय बन्न गएको छ । हाम्रो विकास नीति भिर पाखामा सडक पुर्याउने हो कि? सधैं सडक पुग्ने ठाउँमा बस्तीहरूलाई स्थानान्तरण गर्ने हो? प्रश्नको उत्तर खोजीको विषय बनेको छ । यो बहसको विषय बनेको छ । पहाडी ठाउँहरूमा बसोबास गरेका ठाउँहरूमा हामीले सडक निर्माण गर्दा अध्ययन, अनुसन्धान र इन्जिनियरविना डोजरहरू लगेर ट्र्याक खोल्ने जुन प्रविधि छ, यसले अहिले भूक्षय बढी बढेर गएको छ । त्यतातर्फ हामी कम से कम कुन ठाउँमा ट्र्याक लग्न सकिन्छ कि सकिन्न, डोजरले खन्न उपयुक्त छ कि छैन भन्ने कुराहरू पनि हामीले त्यसमा अन्वेषण गर्न अतिआवश्यक रहेको कुरा म अनुरोध गर्न चाहन्छु । इन्जिनियरविना, अध्ययनविना, सर्वेक्षणविना डोजर चलाउने र ट्र्याक खोल्ने हतार छ । निर्माणको यो कार्य पद्धतिले कतिपय ठाउँमा भयावह र भूक्षयको कुराहरू पनि छ ।

अर्कोतिर हामी सडक पिच गर्ने कुराहरूमा अत्यन्त जोडदारका साथ राखेका छौं । सडक टाल्ने पनि हाम्रो खर्च छ । तर पनि त्यहाँ भएका कान्लाहरू, भिर पाखाहरू भत्किने, तिनलाई बर्सातको समयमा भत्किन नदिनुको लागि दीर्घकालीन रूपमा के गर्न सकिन्छ? भन्ने कुराहरू हामीले किन त्यतातर्फ ध्यान दिन सक्दैनौं? भौतिक तथा यातायात मन्त्रीज्यू यहाँ हुनुहुन्छ । म निवेदन गर्न चाहन्छु । नारायणघाट मुग्लिङ सडक हुँदै यहाँ दाङसम्ममा अहिले साँच्चै सडकबाट पुग्नुभएको छ कि छैन? त्यहाँको अवस्था अत्यन्त जरजर अवस्थामा छ । यो जरजर अवस्थामा रहेको बेला हामीले भौतिक पूर्वाधार यातायात मन्त्रालयले त्यो जुन लाइफाइनको रूपमा रहेको सडकहरूलाई व्यवस्थित गर्नको लागि यदि त्यो सडकलाई बर्सात याममा बिग्रन्छ, भत्किन्छ भने

सहायक मार्गहरू हामी किन सञ्चालनमा ल्याउन सक्दैनौं? त्यतातर्फ हाम्रो ध्यान किन जान सक्दैन? म निवेदन गर्न चाहन्छु ।

त्यसै गरी दाङतर्फ जाँदै गर्दा हामीले फोरलेन सडकका कुरा गर्छौं । हामीले त्यो चारलेन, फोरलेन सडक ज्यानमारा सडकको रूपमा नामाकरण गरेका छौं । भौतिक पूर्वाधार तथा यातायात मन्त्री त्यहीं बाटोबाट सल्यान जानुहुन्छ । नेपालगञ्जमा उत्रेर त्यहाँ ..... बाटो जानुभो' भने त यो बाटो देख्नुहुन्न । यदि हो भने काठमाडौंबाट दाहघाट हुँदै दाङ पुग्दै सल्यान जाने हो भने बाटोको अवस्था के छ, यस बारे म गम्भीर हुन आग्रह गर्न चाहन्छु । दाङको त्यो फोरलेन सडक पटक पटक त्यो सम्झौता भयो, ठेकदार भयो, ठेकदारलाई दियो र त्यो ठेक्का तोडियो । अहिले फोरलेन सडकमा बजेट विनियोजन छैन । लुम्बिनी प्रदेशकै राजधानी मानिने दाङमा भौतिक पूर्वाधार यातायात मन्त्री त्यहीं बाटो हिंड्ने ठाउँमा फोरलेन सडक, नारा मात्रै उठाइन्छ, भाषण मात्रै गरिन्छ तर बजेट सुनिश्चतता गरिँदैन, बजेट विनियोजन गरिँदैन । यतातर्फ म सरकारको, सम्बन्धित मन्त्रालयको ध्यान जान जरुरी छ भनेर म ध्यान आकर्षण गर्न चाहन्छु ।

त्यसै गरी राष्ट्रिय गौरवका आयोजनाहरू अत्यन्त भ्रष्टाचारयुक्त छन् । अत्यन्त चरम वेथितिमा छन् । नेपाल विकासका आधारशिलाका रूपमा रहेका यी आयोजनाहरू समयमै सम्पन्न गर्न नसक्यौं भने कोशेढुङ्गा साबित हुन्छ । तर यी आयोजनाहरू हामीले सम्पन्न गर्न सकिरहेका छैनौं । राष्ट्रिय गौरवका आयोजनाहरू भन्ने तर समयमा सम्पन्न नगर्ने हो भने राष्ट्रिय गौरवका आयोजनाको नामाकरण नगरौं भन्ने म निवेदन गर्न चाहन्छु । त्यसैले यी परियोजनाहरूलाई राष्ट्रिय गौरवका आयोजनाहरू जिम्मा लिने परियोजनाहरूलाई समयमै सम्पन्न गर्नेलाई पुरस्कार, जसले समयमै सम्पन्न गर्न सक्दैन त्यसलाई दण्डको व्यवस्था गर्न सक्यौं भने निश्चय पनि समयमा सम्पन्न हुन्छ भन्ने मलाई लाग्दछ । त्यतातर्फ सरकारको ध्यान जान जरुरी छ भन्ने मलाई लाग्छ ।र सडक अत्यन्त अस्तव्यस्तको अवस्थामा छ । यतातर्फ सम्बन्धित मन्त्रालयको ध्यान जाओस् भनेर म निवेदन गर्न चाहन्छु ।

त्यसै गरी संस्कृति पर्यटन मन्त्रालयतर्फ म आउन चाहन्छु । संस्कृति पर्यटन मन्त्रालय, संस्कृति हाम्रो धरोहर हो । संस्कृतिको संरक्षण गर्दै पर्यटनलाई रोजगारी र उद्यमशीलतासँग जोड्नुपर्छ भन्ने मलाई लागेको छ । हाम्रा कार्यक्रमहरू संस्कृति पर्यटन मन्त्रालयअन्तर्गत हुने कार्यक्रमहरू प्रभावकारितामा आवश्यक रहन्छ । दाङको विश्वकै सबैभन्दा अग्लो त्रिशुलको रूपमा रहेको पाण्डेश्वर मन्दिरको धारापानी मन्दिरको त्रिशुल छ । त्योलाई विश्व सम्पदाको सूचीमा सूचीकृत गरियोस् भनेर म निवेदन गर्न चाहन्छु ।

त्यसै गरी नागरिक उड्डयन प्राधिकरण नियमन, निकाय र सेवा प्रदायक निकाय भनेर राष्ट्रिय सभामा विधेयक छलफल गरियो । प्रतिनिधि सभामा गएर त्यो शून्यमा गयो । र ०७९/०८० को बजेटमा पनि यो १०१ को बजेट बुँदामा पनि यो नागरिक उड्डयन प्राधिकरणलाई सेवा प्रदायक र नियामक निकाय बनाइने छ भनेर बनिएको छ । अहिले त्यो कहाँ छ? के छ मन्त्रीज्यू? यो नागरिक उड्डयन र संस्कृति पर्यटन मन्त्रालयको मन्त्री र कर्मचारीबिचको दोहोरी मात्रै सुन्न पाइन्छ । त्यसैले यसको प्रभावकारितामा के छ? म मन्त्रीज्यूलाई आग्रह गर्न चाहन्छु ।

गौतम बुद्ध एयरपोर्ट पोखरा विमानस्थल यो सधैं नियमित उडान कहिले हुन्छ? यो सेतो देखाउने हात्ती मात्रै हुने हो कि? त्यसैले सरकारको त्यतातर्फ ध्यान जाओस् भनेर म ध्यान आकर्षण गर्न चाहन्छु ।

संघीय मामिला मन्त्रालयतर्फ निजामती सेवा ऐन कहिले आउँछ? हामी संघीय लोकतान्त्रिक गणतन्त्रमा गइसक्यौं । अहिले कर्मचारीको समायोजनका कुराहरू छन् । प्रदेश र स्थानीयहरूले निजामती ऐन नआएका कारण कर्मचारीको भर्ना नियुक्ति र प्रभावकारी काम गर्न नसकिरहेको अवस्थामा संघीय मामिला मन्त्रालयले निजामती सेवा ऐन तत्काल ल्यायोस् भन्ने म आग्रह गर्न चाहन्छु । त्यसैले अन्त्यमा म ...... (समय सकिएको) ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय उदय बहादुर बोहरा । समय १० मिनेट । त्यसपछि माननीय खिमलाल देवकोटा ।

**(१४:१५ बजे)** <u>**माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**</u>:- सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्षज्यूको अनुमतिले अहिले हामी मन्त्रालयको विनियोजित बजेटमा छलफल गरिरहेका छौं । र यो रोस्ट्रममा उभिएर आफ्ना भनाइहरू राख्दै गर्दा २०८०/०८१ को नेपाल सरकारले सिद्धान्त र प्राथमिकता, नीति तथा कार्यक्रम र वार्षिक बजेट ल्याउँदासम्म मलाई अलि म उत्साहित थिएँ । यो पक्कै पनि केही नयाँ चिजहरू आउँछ भनेर तर अहिले यो विनियोजन बजेटहरू हेर्दाखेरि म कता कता त्यो उत्साहित छैन । निराशित होइन, निराश चैं होइन तर उत्साहित चैं म छैन । त्यसो भ'को हुनाले बजेट कार्यक्रम प्रतिनिधि सभामा लामो छलफलपछि त्यहाँ पास भएर राष्ट्रिय सभामा आएको छ । राष्ट्रिय सभाबाट पनि हामी यसको विधि र यसको बाचा पुर्याउन तत्पर छौं । पुर्याउँछौं पनि । र यो खास गरेर जुन बजेट तर्जुमा गर्ने हाम्रो शैली हो, हामी हिजैकै परम्परा, हिजैकै चिन्तन र

हामी हिजो जे थियो, आज पनि हामी त्यही गर्दैछौं । नयाँ तौर तरिका हामीले अपनाएका छैनौं ।

र हाम्रो नीति तथा कार्यक्रम जुन प्रक्रिया, पद्धति हो, सोच शैली हो, चिन्तन हो, व्यवाहार हो, त्यो एकात्मक छ । हामी सङ्घात्मक व्यवस्थाको एउटा अभ्यासमा, यो अभ्यास गर्दागर्दै ६ वर्ष पनि गुज्रिसक्यो । र यो परिवर्तन जुन गर्नुपर्ने हो, त्यो परिवर्तन गर्न हामीले सकेनौं । सोच बदल्न सकेनौं, चिन्तन बदल्न सकेनौं । त्यसो भएको हुनाले किन आज संघीयता विरोधीहरूले नाटक गर्दैछन्? त्यो सदनभित्र होस्, सदनबाहिर होस् । त्यो हामी टुलु टुल बसेर हरिरहेका छौं । यसको कारक को हो? यो मौका कसले दियो? पक्कै पनि हामीले गम्भीर भएर यसलाई सोच्नुपर्ने समय आ'को छ ।

अध्यक्ष महोदय, यो हामीले जुन योजनाहरू अहिले मन्त्रालयबाट परेका छन्, त्यो योजना छनोट प्रक्रियामा जनप्रतिनिधिहरू, अब तपाईंहरू को कोलाई मन्त्रालयले तपाईंहरूको सुझाव लियो? र मलाई थाहा छैन हामीले लेटर प्याडमा दिएका हाम्रा योजनाहरू त्यहाँ समावेश छैनन् । ती बिचौलिया जसलाई हामीले भन्ने गर्छौं, ती कहाँ कहाँबाट ती योजनाहरू त्यहाँ पर्छन् त्यो थाहा हुँदैन । जनप्रतिनिधिहरूलाई थाहासम्म नहुने यो कार्यक्रम कसरी कहाँबाट पर्छ? अब यस्तो खालको योजना तर्जुमा जुन पुरानै मैले अगिनै यहाँहरूलाई निवेदन गरें यसलाई हामीले सुधार्न सकेनौं भने यो गलत प्रवृत्तिलाई हामीले प्रश्रय दिँदै गयौं भने यसले पक्कै पनि यसले राम्रो गर्दैन ।

सम्माननीय अध्यक्ष महोदय, अब म यो मन्त्रालयको विनियोजन विकास कार्यक्रमतिर म गएँ सरसर्ती । अब यो सर्वप्रथम मैले यो संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय जसको दुईवटा शीर्षकमा विनियोजन गरिएको रहेछ कार्यक्रम । एउटा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम र अर्को स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान भन्ने । र यसले मैले जे सुनेको थिएँ त्यसको विपरीत साँच्चीकै बजेट धेरै छैन तर पनि यसले सबै प्रदेशलाई छोएको छ । सबै गाउँपालिकालाई छोएको छ । सबै नगरपालिकालाई छोएको छ । त्यसो भ'को हुनाले यसमा मैले आफ्ना विमतिहरू राखेनँ । बजेटमा विनियोजन भएकाबाहेक कुनै मन्त्रालयले छुट्टै केही राखेको छ भने त्यो मन्त्रालयले जान्ने कुरा हो । त्यसो भ'को हुनाले म यसमा धेरै गइनँ ।

यो संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको जुन वार्षिक कार्यक्रम हो, यसमा तीनवटा शीर्षक रहेछ । पर्यटन पूर्वाधार विकास कार्यक्रम, पुरातात्विक स्थल संरक्षण आयोजना र बौद्ध दर्शन प्रबर्धन तथा गुम्बा विकास समिति । र यो कार्यक्रम सरसर्ती हेर्दाखेरि अब कतिको यो कार्यक्रम ठिक छ? म माननीय पर्यटन मन्त्रीज्यूलाई जुन गरेका कामहरूको बारेमा

म धन्यवाद पनि दिन चाहन्छु । तर यो बजेट विनियोजन यो कतिको समानुपातिक छ? यो विषयमा माननीय मन्त्रीज्यूले आफ्नो धारण प्रष्ट्याउनुहुने छ । म कुनै जिल्ला वाइज भन्दिनँ, अमुक जिल्ला । कुनै जिल्लामा सत्ताइसवटा कार्यक्रम छ । कुनै जिल्लामा दुइटा कार्यक्रम छ । त्यसो भ'को हुनाले यसले कतिको समानुपातिक वितरण प्रणालीलाई समेट्छ? यो विषय म मन्त्रीज्यूलाई निवेदन गर्न चाहन्छु । र अर्को खास गरेर यो पर्यटनको लागि रारा सेफोक्सुन्डोमा पनि केही कार्यक्रमहरू परेको रहेछ । यसलाई अलि बढी कार्यक्रम एउटा सरकारको दृष्टिकोण राम्रोसँग परोस् । बढी मालिका, कुपिन्डे दह, खप्तडजस्ता यी पर्यटकीय महत्त्वपूर्ण स्थानहरूमा पनि सरकारको ध्यान जाओस् ।

र खास गरेर सबभन्दा पुरानो विमानस्थल तुलसीपुर दाङको टरी गाउँको विमानस्थको बारेमा, के भइराख्या छ विस्तारको बारेमा? यो मन्त्रीज्यूलाई मेरो निवेदन छ । यो यहाँले चैं बताउनुहुने छ । र मैले (सम्माननीय अध्यक्षज्यू समय कति हुन्छ, मलाई थोरै समय दिनुहोला ।) मैले यहाँ यो कुरा उठाउन सान्दर्भिक हुन्छ भनेर खास गरेर यो पर्यटन क्षेत्रको लागि र अन्य कुराहरूको लागि पनि नेपालबाट जुन १० देखि जुन २१ सम्म संसदीय प्रतिनिधि मण्डल सम्माननीय राष्ट्रिय सभाका अध्यक्षज्यूको नेतृत्वमा चीन गएको थियो । र चीनमा खास गरेर चाइना तिब्बत पर्यटन तथा सांस्कृतिक प्रदर्शनी तिब्बत सरकारको निमन्त्रणामा ९ सदस्य, ३ प्रतिनिधि सभा, ३ राष्ट्रिय सभा र १ जना अध्यक्षज्यू र दुइटा संसद सचिवालयका कर्मचारी गरेर ९ सदस्यीय टोली चीन गएको थियो । त्यहाँ खास गरेर एउटा द्विपक्षीय भ्रमण असाध्यै उपलब्धिमूलक रह्यो । र चीनमा महत्त्वपूर्ण व्यक्तिहरूसँग त्यहाँ भेटघाट भयो । जस्तै त्यहाँका महामहिम झालेजी, जो National People's Congress of the People's Rebulic of China, त्यहाँको तेस्रो व्यक्ति । उहाँ चैं त्यसको Chair person. उहाँसँग भेटघाट भयो । उहाँसँग द्विपक्षीय कुराकानी भयो ।

त्यस्तै अर्को माननीय Wang Huning, जो CPPCC, Chairman हो उहाँ । Chinese People's Political Consultative Conference का अध्यक्षज्यूसँग पनि भेटघाट भयो । र त्यस्तै त्यहाँका सरकारका प्रदेश सरकारका सरकार प्रमुखहरू, त्यहाँका पार्टी प्रमुखहरूसँग कुराकानी भयो । (एक मिनेट थपिदिनुहोला, अध्यक्ष महोदय) । र यसमा असाध्यै द्विपक्षीय महत्त्वपूर्ण, सोहार्दपूर्ण कुराकानीहरू त्यहाँ भा'को छ । र चाइनिज अधिकारीहरू यहाँको यातायात, सडक कनेक्टिभिटी, त्यसपछाडि यो उर्जा र लगानी, पर्यटनमा असाध्यै उनीहरू चैं उत्साहित छन् । र यो एउटा वातावरण गराउने काम अब यतिखेर भ'को छ । र हामीले सम्माननीय प्रधानमन्त्रीज्यूलाई पनि भेटेर यो विषयमा सबै उहाँलाई जानकारी गराएका छौं । र अब यसलाई

सहज बनाउने, यसलाई अझ बढी सुदृढ गराउने काम नेपाल सरकारको हो । नेपाल सरकारले चैं यसलाई महत्त्व दिने छ भन्ने मैले बुझेको छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय खिमलाल देवकोटा । समय ३० मिनेट । त्यसपछि माननीय नारायण प्रसाद दाहाल ।

**(१४:२६ बजे) <u>माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, समयको लागि धन्यवाद । मैले आज केही कुराहरू जुन कुराहरू मैले यहाँ पटक पटक भन्ने पनि गरेको छु । त्यसलाई विभिन्न तथ्यले विशेष गरी मैले कुनै मन्त्रालयका मन्त्री एवम् प्रधानमन्त्री कोहीप्रति लक्षित नगरीकन मैले एउटा पद्धतिको कुरा गर्छु आज । र अलिकति डेटालाई पनि र तथ्यका आधारमा डेटाको आधारमा बजेट, बजेटै हेरेर र कतिपय मन्त्रालयको अलि Macro Prospective बाट पनि Analysis गर्या छु मैले र Marco, यसको Micro बाट पनि एकदम गहिराइमा पनि म गा'को छु । र अलिकति मलाई के लाग्छ भने म अलि यो विकेन्द्रिकरणको विद्यार्थी पनि हो । र वित्तीय सङ्घीयता विशेष गरी अहिले हाम्रो सभाध्यक्षज्यू, स्थानीय विकास मन्त्रालयको मन्त्री पनि हुनुभयो । मैले अघिलो पटक पनि भन्या छु । म त्यो मन्त्रालयमा बसेर विशेष गरी फर्मुला डिजाइनै गरेर म आफैले फर्मुला डिजाइन गरेर र जनताको रगत पसिनाबाट कमाइ भएको जुन ट्याक्सबाट जुन कमाइ भएको जुन हामी collection गर्छौं । Reveune Collection गर्छौं । त्यसको बाँडफाँड चाहिँ एकदम न्यायोचित हुनुपर्छ । पारदर्शी हुनुपर्छ । भनसुनको आधारमा गर्नुहुँदैन भन्ने मैले त्यो मान्यता राख्छु । त्यो राख्छु । त्यसकारण मैले विशेष गरी सिंहदरबारको अधिकारलाई चाहिँ तल पालिकासम्म पुऱ्याउनुपर्छ । यसको अर्थ के हो भने हामी सिधै तल स्रोत, साधन जानुको अर्थ के हो भने जनता चाहिँ अलि बलियो हुन्छ । र जनताले सर्भिस पाउँछ । यहाँ एक दुई ओटा मन्त्रालयले बजेट त राख्छन् । त्यो बजेट राखेपछि त्यो कहाँ जान्छ भनेपछि जो शक्तिशाली छ । उनीहरूको निर्वाचन क्षेत्रमा जान्छ । अथवा दुई लाख, तीन लाख, चार लाख, दश लाखसम्म जाला । तर ७५३ जुन अहिले हाम्रो पालिका छ । त्यहाँ बजेट पठाउनुको अर्थ के हो भने ३ करोड जनतासम्म पुग्छ । त्यसकारण हामीले यहाँ एक, दुई ओटा मन्त्रालय राखेर बजेट बनाउने, त्यो मन्त्रालयमा बजेटभन्दा पनि सिधै पालिकामा जानुको अर्थ के हो भने त्यो न्यायोचित हो । त्यसकारण त्यो मामलामा हामीले स्रोत र साधनलाई सिधै तल पठाउनुपर्छ । बरू तल केही सम्याहरू छ भने हामी बहस गरौं, छलफल गरौं भन्ने कुराहरू पनि हो । तल समस्याहरू पनि

छ । यो लगायतका कुराहरू आज मैले अलिकति समय पनि लिएको छु । समय बढि पनि लिएको छु । यसको लागि फेरि पनि सम्माननीयज्यूलाई धन्यवाद छ ।

र मैले सुरुवात अलिकति प्रदेशबाट गर्छु । र ७ ओटा प्रदेशमा सबैभन्दा पछाडि परेका तीन ओटा प्रदेश छन् । मधेस प्रदेश छ, कर्णाली प्रदेश छ र सुदुरपश्चिम प्रदेश छ । र तीन ओटा प्रदेशलाई अलिकति भारतमा १९६५ को दशकमा भारतको सरकारले चाहिँ के गरेको थियो भने पछाडि परेका आसाम, जम्मुकस्मिर, नागाल्यान्डलगायतका प्रदेशहरूलाई चाहिँ एउटा Special Category State भनेर Total त्यो Grand हामी हुन अनुदान भन्छौं । त्यो Total Grand को allocation मा उनीहरूले 40 प्रतिशतसम्म रिर्जभ गरेर त्यसरी पठाउने गरेका थिए उनीहरूले । भारतले त्यो अभ्यास गर्‍यो । २०१५ सम्म त्यो लागू भयो । र मैले यो, यो विषय पनि यहाँको अर्थ मन्त्रालय, प्रधानमन्त्री कार्यालयमा पटक पटक अलिकति न्यू मोडलमा पनि जाऊँ भनेर मैले पटक पटक लविङ पनि गरें । नीति तथा कार्यक्रममा आयो तर यसको बजेटसँग कुनै तादम्यता पनि भएन । त्यसकारण मैले भन्न खोजिएको के हो भने यो बजेट विशेष गरी प्रदेशको सन्दर्भमा, पालिकाको सन्दर्भमा मैले जुन Vertical र Horizontal को कुरा गर्‍या छु । त्यो न्यायोचित छँदै छैन । छँदै छैन र विशेष गरी तीन ओटा प्रदेशका कुरा जुन मैले गरें । त्यो प्रदेशको हितमा पनि छैन । र मधेस प्रदेशकै कुरा गर्दाखेरि पनि मधेस प्रदेश भनेको अहिले सबैभन्दा, सबैभन्दा जनसङ्ख्यामा पनि सबैभन्दा धेरै छ । अलिकति बढि यो बागमती प्रदेशको २ हजार २२ सय जति अलि बढि छ । ०७८ को जनगणनाअनुसार अलिकति बढि यसको छ । गरिबको सङ्ख्या पनि सबैभन्दा धेरै मधेस प्रदेशमा छ । जुन हामी HDI Index को कुरा गर्छौं । HDI Index सबैभन्दा कमजोर भएको प्रदेश भनेको मधेस प्रदेश हो, मधेस प्रदेश हो । र सबैभन्दा गरिबको सङ्ख्या, हामी गरिबको सङ्ख्याको कुरा गर्छौं सबैभन्दा गरिबको सङ्ख्या पनि सबैभन्दा धेरै भएको मधेस प्रदेश हो । तर दुर्भाग्य सम्माननीय अध्यक्ष महोदय, यो यसपालिको बजेट allocation मा हामीले हेर्दाखेरि मधेस प्रदेश जुन यो किताब छ । यो अन्तर सरकारी वित्तीय हस्तान्तर भन्ने यो किताब छ । यहाँ समानीकरण अनुदान, विशेष अनुदानलगायतका जुन अरू हामी चार ओटा अनुदानको कुरा गर्छौं । त्यसमा मधेस प्रदेश समानीकरण अनुदानमा पनि ७ ओटा प्रदेशमा सबैभन्दा लाष्टमा छ । विशेष अनुदानमा पनि ७ ओटा प्रदेशमा सबैभन्दा लाष्टमा छ ।

अब मैले भन्नुपर्छ । जहाँ गरिबको सङ्ख्या सबभन्दा बढि छ । जहाँ खाने, खाने मुख पनि सबभन्दा धेरै छ । गरिब पनि सबभन्दा धेरै त्यहीँ छ । अनि त्यो ७ ओटा प्रदेशमा तेस्रो, चौथो, पाँचौ नम्बरमा भ'को भए त ठिकै हो भन्न हुन्थ्यो । अनि हामी म त विशेष गरी अघि

पनि मैले भनिसकें म आफैले फर्मुला बनाएर सारा हिजोको ४ चार स्थानीय निकाय, गा.वि.स., नगरपालिकालाई फर्मुला बनाएर Grand Allocation गरेको मानिसले मैले यो बजेट Allocation Transparent छ, न्यायोचित छ, मधेसको पक्षमा छ अथवा प्रदेशको पक्षमा छ कसरी भन्न सक्छु? त्यसकारण यो बजेट, यो अनुदान मधेसको विरोधी छ । सङ्घीयता विरोधी त छँदै छ । माननीयज्यूले पनि भन्नुभो' मधेसको पक्षमा त छँदै छैन । यो पाटोमा अनि हाम्रा मन्त्रीहरूले के भन्नुहुन्छ? विभिन्न पूर्वपश्चिम हाइवे देखाएर अथवा उत्तरदक्षिण Highway, अथवा विभिन्न Project हरू देखाएर मधेशमा त बजेट ग'को छ नि । अरू प्रदेशमा कर्णाली प्रदेशमा, सुदुरपश्चिम प्रदेशमा त ग'को छ भन्नुहुन्छ । यो गलत हो ।

सम्माननीय अध्यक्ष महोदय, यो पाटोमा, यो पाटोमा त्यसकारण यो कसरी करेक्सन गर्न सकिन्छ, करेक्सन पनि गर्नुपर्‍यो । चाहे यो फर्मुला डिजाइनमा अहिले वित्त आयोग छ । र विशेष गरी वित्त आयोगले पनि यो फर्मुलामा करेक्सन गर्नुपर्‍यो । र विशेष अनुदान, योजना आयोगमार्फत हुने गरेको छ । र अनुदानको हाम्रो संविधानको धारा ६० को उपधारा (३) मा पनि वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत र वित्त आयोगको सिफारिसबमोजिम हुनेछ भनेर लेखिएको छ । यसको अर्थ के हो भने अनि दुइटा अनुदान योजना आयोगतिर पठाइएको छ । अनि ससर्त अनुदानको त कुरा गर्न परेन । त्यो भद्रगोल, लथालिङ्ग छ । एक त वित्त आयोगलाई कमजोर बनाइएको छ । र वित्त आयोग आफुले बनाएको फर्मुलामा पनि केही करेक्सन गर्नुपर्ने हुन्छ ।

सम्माननीय अध्यक्ष महोदय, अब यो मन्त्रालयगत बजेट चाहिँ छलफल अलिकति मैले यो मन्त्रालयको बजेटको अघि पनि भने मैले । अलिकति मैले अर्कै तरिकाले र बजेटको जुन अनुसूचीहरू छ । अनुसूचीको ४, बजेटको अनुसूचीको ४ मा सबै मन्त्रालयको बजेट विनियोजन गरिएको छ । र सँगसँगै प्रदेशमा पनि कति पठाइएको छ । स्थानीयमा पनि कति छ भन्ने कुराहरू छ । म त्यसबाट बजेटको अनुसूचीको ४ बाट अलिकति केही कुराहरू राख्छु मैले र यो अनुसूची हेर्दा अहिले जस्तो चालु आर्थिक वर्ष जुन आगामी आर्थिक वर्षको बजेट चाहिँ १७ सय ५१ अरबको बजेटको जुन allocation पुरै छ र अघिल्लो बजेटले १७ सय ९३ अर्ब थियो । र अघिल्लो बजेटसँग तुलना गर्दाखेरि यो बजेट २ दशमलव ३७ प्रतिशतले चाहिँ थोरै छ । यसको अर्थ के हो भने जम्मा ४२ अर्ब चाहिँ कमी छ । अघिल्लो बजेटभन्दा यो बजेट चाहिँ ४२ अर्ब ५२ करोडले कमी छ । र प्रदेशको ३ दशमलव ८४ प्रतिशत र स्थानीय तहको ११ दशमलव ५८ प्रतिशतले कमी छ । बजेटको साइज भनेको २ दशमलव ३७ प्रतिशतले घटेको छ । अघिल्लो वर्षसँग तुलना गर्दा तर के गर्‍यो भने प्रदेशलाई चाहिँ ३

दशमलव ८४ प्रतिशतले घटाइएको छ अनुदान भने स्थानीय तहको लागि चाहिँ ११ दशमलव ५८ प्रतिशतले घटाइएको छ । अब यो प्रदेश र स्थानीय तहप्रति कतिको न्यायोचित छ छैन भन्ने कुराहरू यहाँ अलि बुझ्ने कुराहरू हो । बजेट अब यो सबैभन्दा धेरै रकम म मन्त्रालयगत रूपमा आउँछु क्रमशः सबैभन्दा धेरै रकम अर्थमन्त्रालयको यो आन्तरिक ऋण भुक्तानीमा १०५ प्रतिशतले चाहिँ वृद्धि भएको रहेछ । त्यो आन्तरिक ऋण भुक्तानीमा मात्रै १०५ प्रतिशतले वृद्धि भएको छ । यो शीर्षकमा अघिल्लो पटक १३४ अर्बको बजेट रहेको थियो । अघिल्लो पटक १३४ अर्ब बजेट रहेको मा अहिले चाहिँ २७५ अर्ब छ । यसमा वैदेशिक ऋण मात्रै जोड्ने हो भने पनि यो फिगर चाहिँ अझै धेरैमाथि जान्छ । अब यसले चाहिँ के सङ्केत गर्यो सम्माननीय अध्यक्ष महोदय । यसले चाहिँ के सङ्केत गर्यो भने हामी विस्तारै चाहिँ ऋणको जालोमा, ऋणको पासोमा पर्दैछौं भन्ने कुरा त्यसले सङ्केत गर्दियो । त्यो बजेटको डाटाले पनि त्यही भन्छ ।

अब यो आर्थिक सर्वेक्षणअनुसार हामी जुन आर्थिक सर्वेक्षणअनुसार हामीले तिर्नुपर्ने ऋण चाहिँ २१ खर्ब छ । हामीले तिर्नुपर्ने ऋण चाहिँ २१ खर्ब छ । जुन अहिले हामीले जिडिपी ५० खर्बै मानौं ल करिब करिब ५० खर्बकै मान्दा पनि हाम्रो ऋण चाहिँ कुल जिडिपीको ४२ प्रतिशत हुदो र'छ । कुल जिडिपीको ४२ प्रतिशत चाहिँ हामीले तिर्नुपर्ने ऋण दायित्व छ ।

अब यो उद्योग व्यावसायमा त व्यक्तिले पनि लगानी गर्छ । ऋण गर्नलाई ऋण पनि खोज्छ । राज्यले त हरेक कुराहरूमा ऋण लिनै पर्छ । त्यसमा कुनै विवाद भएन । तर कतै हामीले ऋण लिएर घ्यू खाने कुरा गर्छौं हामीले त्यो त होइन? भन्ने मलाई अलिकति शङ्का, विशेष गरी यो अब हामी मन्त्रालयको योजनामा हामी हेरौंला । र कति हामीले ऋण लिएर सरकारले ऋण लिएर घ्यू खाए जस्तै मन्त्रालयका बजेट हेर्दाखेरि हामीलाई के लाग्छ भने झन्डै झन्डै स्थिति त्यस्तो छ । म यो विषयलाई पछाडि पनि जोड्छु ।

र यो अब योजना आयोग म विस्तारै आउछु । यो मन्त्रालयगत रूपमा आउँछु । योजना आयोगसहित मन्त्रालयगत विनियोजनको चर्चा गर्दाखेरि योजना आयोगको बजेट चाहिँ ७७ प्रतिशतले घटेको र'छ अघिल्लो वर्षसँग तुलना गर्दा ७७ प्रतिशतले घटेको छ । र योजना आयोगको गुनासो चाहिँ हाम्रा सिफारिसहरू चाहिँ कहिल्यै पनि लागु हुँदैन । योजना आयोगका पदाधिकारीहरू, उपाध्यक्षज्यूले के भन्नुहुन्छ भने योजना आयोगले गरेको सिफारिस चाहिँ कहिल्यै पनि लागु हुँदैन । अब यो बागमती प्रदेशको योजना आयोगको उपाध्यक्ष । यो प्रदेश गठन हुने वित्तिकै योजन आयोगको उपाध्यक्ष भएर काम पनि गरे । मेरो चाहिँ के थियो भने स्थानीय तहले वनरसिप लिनुपर्छ । प्रदेशले ठुला आयोजनामा जानुपर्छ । सानातिना योजनामा हात हाल्न हुँदैन भनेर मैले जुन अडान लिएको थिए । पछि एक वर्षमा मैले राजिनामा पनि गरेर हिँडे ।

मैले, मैले भन्नुपर्छ यहाँ यदि तपाईं मन्त्री हुनुहुन्छ । कुनै योजना आयोगको उपाध्यक्ष यदि तपाईं कुनै रिफर्म गर्न चाहनुभा'छ भने यदि सक्नुहुन्न, भएन भने किन त्यो सिटमा ओगटेर बस्नुहुन्छ? राजिनामा गर्दे हुन्छ भनेर भन्छु है मैले । यो विषय पनि यहाँ उठाए मैले ।

अर्को यो योजना आयोगले बनाएको योजना आयोगले एउटा ऊ बनाएको छ । नेपाल सरकारले स्वीकृत गरेको । यो कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँडसम्बन्धी मापदण्ड, २०७६ छ । त्यो मापदण्ड, त्यो योजना आयोगले बनायो त्यो मापदण्ड बना'को छ । किन भने सङ्घले कुन योजना गर्ने, प्रदेशले के गर्ने, स्थानीय तहले के गर्नेभन्ने एउटा मापदण्ड बना'को छ । राष्ट्रिय योजना आयोगले बनाएको छ । र नेपाल सरकारको क्याविनेटले पास गरेको छ । अब यो मापदण्डको कुनै पनि मन्त्रालयले पालना गरेका छैनन् । कुनै पनि मन्त्रालयले पालना गरेका छैनन् । र Project bank को Concept छ यो कागजमा मात्रै सीमित छ । यो भनाइमा मात्रै हो त्यो डकुमेन्टमा । अब यो बजेट बनाउँदाखेरि अर्थमन्त्रालयले योजना आयोगले थाहा पाउँछ कि भन्ने गरेको खालको कहिल्यै पनि योजना आयोगलाई यहाँ मैले हिजो पनि योजना आयोगका पदाधिकारीसँग टेलिफोनमा कुरा गरेको थिएँ । हामीलाई यो बजेट डिस्कसनमा संलग्नै गराउँदैन अर्थमन्त्रालय । अब यसको अर्थ के हो, होइन? कही हामीले थाहा पाउछ कि? केही गर्छ कि? केही गन्ध पाउछ कि भनेर अर्थमन्त्रालयले बजेट बनाउछ भनेर योजना आयोगको गुनासो छ । मैले योजना आयोगको कुरा गरें ।

अब यो कार्यक्रम तथा परियोजना योजना आयोगमा । अब मेरो अनुरोध हो । मेरो Request पनि हो विशेष गरी योजना आयोगले चाहिँ योजनाका कुराहरू हेरोस् । खर्च पट्टाका कुराहरू हेरोस् । तर अर्थमन्त्रालय ट्याक्सका कुराहरू हेरोस् के विशेष गरी । ट्याक्सका कुराहरू होइन । किन भने हाम्रो राजस्व भनेको त कतिपय ट्याक्समा, त्यो ट्याक्समा पनि हाम्रो त कस्टम वेसिस छ कतिपय कुराहरू । हाम्रो कन्जम्सनका कुराहरू गर्ने हो भने रेमिट्यान्स वेसिस छ । अर्थमन्त्रालयको फोकस चाहिँ ट्याक्समा होस् । वैदेशिक ऋण, वैदेशिक सहयोगमा होस् । तर योजना आयोगले अलिकति योजना कार्यक्रममा ध्यान दिने हो भने त, वास्तवमा यो अहिले जुन हामी यत्रो बोलिरा'छौं । यो समस्या पनि रहँदैन । भन्ने मेरो अनुभव पनि हो ।

अब यो प्रधानमन्त्री कार्यालयतिर प्रवेश गरे म प्रधानमन्त्री कार्यालय चाहिँ एकदम बलियो बनाउनुपर्छ भनेर मैले, म आफैंले पनि दुई तीनओटा लेख लेखेको छु । प्रधानमन्त्री कार्यालय चाहिँ एकदमै बलियो हुनुपर्छ । किन भने प्रधानमन्त्री कार्यालयमा चाहिँ कर्मचारीहरू कति मैले अनुभूति गरेको त्यहाँ मुख्यसचिवबाहेक अरू कुनै पनि कर्मचारी सन्तुष्ट छैनन् । म एक वर्ष

प्रधानमन्त्री कार्यालयमा अनबन्डलिङको बेलामा हामी कार्य विस्तृत गर्छौं । त्यो अनबन्डलिङको बेलामा एक्सपोर्ट भएर काम गरें । त्यहाँनिर प्रधानमन्त्री कार्यालयका कर्मचारीहरूले मलाई के भन्नुहुन्थ्यो भने सर तपाईं यो यदि प्रधानमन्त्री कुनै प्रधानमन्त्रीको तपाईं सल्लाहकार बन्नुभो' भने नबन्नुहोस् है मलाई त्यतिसम्म भन्नुहुन्थ्यो । त्यस्तो छ के त्यहाँ भनेपछि । त्यहाँ कर्मचारीहरूलाई न सल्लाहकारको कुनै सल्लाह लिने प्रधानमन्त्रीज्यूले न सल्लाहकारहरूसँग कुनै सल्लाह लिने चलन छ । न कुनै कर्मचारीहरूले, यो चाहिँ डम्पिङ साइट जस्तो । त्यो प्रधानमन्त्री कार्यालय छ । त्यहाँ मुख्यसचिवबाहेक कुनै पनि कर्मचारीहरू त्यहाँ सन्तुष्ट छैनन् । त्यसकारण यो प्रधानमन्त्री ।

अब यो सङ्घीयता कार्यान्वयनको मूल जिम्मेवारी, मूल जिम्मेवारी अन्तर सम्बन्धसहितका कुराहरूमा चाहिँ मूल जिम्मेवारी प्रधानमन्त्री कार्यालयको छ । त्यसकारण यो कार्यालयले चाहिँ अलि सक्रिय हुनुपर्‍यो भन्ने हो । अर्को यो प्रधानमन्त्री कार्यालयमा पछिल्लो पटक यो राजस्व अनुसन्धान, सम्पत्ति शुद्धीकरण, राष्ट्रिय अनुसन्धानलगायतका विभागहरू त्यहाँ लगेर राखियो । त्यहाँ लगेर राखियो । अनि के भनियो भने यो प्रधानमन्त्री कार्यालयलाई एकदमै Power centralized गर्न खोजियो प्रतिगमनतिर भयो भनेर सडकबाट धेरै कराउनुभो' । त्यो सडकबाट धेरै कराउनेहरू अहिले सत्तामा हुनुहुन्छ । अनि हिजो सडकबाट कराइसकेपछि आफु सत्तामा भएपछि ती Institution हरू विभागहरू तत् तत् ठाउँमा पठाउनुपर्छ कि पर्दैन? कि मैले हिजो गलत बोलें भन्नुपर्यो सडकमा । सडकबाट मैले गलत बोलें भन्नुपर्‍यो । अनि सडकमा एउटा बोल्ने अनि सत्तामा गएर चाहिँ गर्दै नगर्ने त्यसको अर्थ के हो? त्यसकारण यो पद्दति मैले त्यही भएर यो पद्दतिको कुरा गर्दैछु । एउटा माइन्ड सेटको कुराहरू गर्दैछु । यो कुराहरू पनि मैले ध्यानाकर्षण गराए ।

अब यो अर्थमन्त्रालयतिर गएँ, अर्थमन्त्रालय यो आन्तरिक र बाह्य ऋण भुक्तानी, आन्तिरक र बाह्य ऋण भुक्तानी कर्मचारीहरूको तलब, भत्तालगायतका सुविधाहरूबाहेक अर्थ विविध शीर्षकमा ठुलो फिगर राख्ने गरिन्छ । सम्माननीयज्यू अर्थमन्त्रालयमा त्यो कर्मचारीको तलब, भत्ता, पेन्सनलगायतको त्यो त अलगै शीर्षक हुन्छ । ऋणको पनि अलगै शीर्षक हुन्छ । ऋणमा पनि आन्तरिक ऋण, वैदेशीक ऋण, द्विपक्षीय, बहुपक्षीय त्यो अलगै शीर्षक हुन्छ । अनि सँगसँगै विविधभन्दा पनि अर्को शीर्षक हुन्छ । यति धेरे शीर्षक राखिन्छ । त्यो अर्थ विविधमा यति ठुलो फिगर हुन्छ । त्यति ठुलो फिगर हुन्छ । त्यो फिगरमा कसैको पनि आँखा लाग्दैन । कसैको पनि ध्यान जाँदैन । त्यो फिगरमा एकदम शक्तिशाली अर्थमन्त्री अनि शक्तिशाली मन्त्रीहरूले अनि तजविजको आधारमा भागवन्डा गर्ने बाँड्नी यो पद्दति छ । यो

प्रवृत्ति छ । र यो समस्या प्रदेशमा यस्तो रोग सऱ्यो सम्माननीयज्यू, मलाई थाहा छ । म त यो प्रदेश गठन हुने बित्तिकै एकदम नजिकबाट हेरेको छु, बोलेको छु, कराएको छु, लेखेको पनि छु, प्रदेशको सन्दर्भमा । यो समस्या प्रदेशहरूले अर्थ विविध शीर्षकमा ठुलो फिगर राख्ने गरेका छन् । र कुनै बेलामा सुरुवाति चरण कुनै बेलामा त त्यो प्रदेशका सबै मन्त्रालयको बजेटभन्दा पनि त्यो अर्थ विविधमा एउटा प्रदेशको अर्थ विविध शीर्षकमा टोटल ५८ प्रतिशतसम्म बजेट थियो । अब यसरी अर्थ, यो समस्या फेरि तल सरेको छ । जस्तो निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम हामी कराको कराइ गऱ्यौं । यहाँको मन्त्रीले राख्यो । अनि प्रदेशले चाहिँ मज्जाले राख्नुभा' छ । अब के भयो रोग तल सऱ्यो । अनि स्थानीयमा पनि मेयरको नाममा, उपमेयरको नाममा चाहिँ त्यहाँ बजेट राख्ने त्यसमा हामी चाहिँ ढिक्काको कुरा गर्छौं, ब्लकको कुरा गर्छौं । यो रोग पनि तल सऱ्यो । त्यसकारण यो बजेट एकदमै गलत दिशामा ग'को छ । सम्माननीय अध्यक्षज्यू, यो कुरा पनि राख्न चाहे मैले ।

अब यो सङ्घीय मामिला मन्त्रालयको कुरा गऱ्यो भने त मलाई लाग्छ नाम चाहिँ सङ्घीय मामिला जोडिएको छ । हाम्रो सभाध्यक्षज्यू पनि त्यो बेलामा स्थानीय विकास मन्त्रालय थियो । त्यहाँ पनि मन्त्री भएर बस्नुभो' त्यो मन्त्रालयको नाम चाहिँ सङ्घीय मामिला मन्त्रालय र सामान्य प्रशासन मन्त्रालय छ । नाम चाहिँ सङ्घीय हो त्यो सङ्घीयमा १ पर्सेन्ट पनि काम गर्दैन त्यसले । र सबै 99 प्रतिशत काम भनेको कर्मचारीको सरुवा, बढुवा यता उता भन्नेमा मात्रै छ । त्यसकारण त्यो किन सङ्घीय मामिला, नाम चाहिँ सङ्घीय मामिला राख्नुपऱ्यो? त्यो पाटो पनि हो । र गर्नुपर्ने काम नै गर्दैन । अघि हाम्रो माननीय अनिता देवकोटाले पनि भन्नुभो' हामीले सात वर्षमा संविधान ल्यायौं । होइन त्यत्रो गाह्रो कुरा हो नि त, संविधान जारी गऱ्यौं सात वर्षमा । छ सात वर्ष पुग्न लागिसक्यो अहिलेसम्म निजामती कानुन हामी ल्याउन सक्दैनौं । अनि यो संविधानभन्दा पनि ठुलो गाह्रो काम हो र निजामती कानुन ल्याउनुभन्ने कुराहरू? अनि यो सरकार, व्यक्तिहरू, यी मन्त्रीहरू कहाँबाट, कोबाट कसरी सञ्चालित छन्? यो पाटोमा पनि हामीले अलिकति बुझ्न, जान्न पर्ने कुराहरू छ । यी कुराहरू ।

अब प्रदेश र स्थानीय तहहरूमा कर्मचारीको यति ठुलो हाहकार छ । स्थानीय तहको कुरा गर्ने हो भने त निमित्तको भरमा । सुदुरपश्चिममा जाऊँ, यस्तै निमित्तै निमित्तै छन् । कर्णालीमा जाऊँ त्यस्तै निमित्त छन् । मधेस प्रदेशमा जाऊँ, रौतहट जिल्लामा त मलाई अलि केही हसाअगाडि भन्दै हुनुहुन्थ्यो । 60/70 प्रतिशत त निमित्त कै भरमा पालिकाहरू छन् । अब के हो यो? निमित्तको भरमा चलेका छन् । अनि हिजो सिङ्गो हामीले गा.वि.स.लाई वडा बना'का छौं । वडामा वडा सचिव छैन । तल कर्मचारी छैन । कानुन ल्याउँदैन । लथालिङ, भद्रगोल

छ । त्यसकारण यो पाटो, प्रशासनिक सङ्घीयताको कुरा जुन हामी कुरा गर्छौं । यो राइट ट्र्याकमा अझै पनि छैन । यसमा काम गर्नुपर्ने कुराहरू धेरै छ ।

अध्यक्ष महोदय, अब यो विनियोजनसँग रहेर मैले अघि हाम्रो संसदको यही संसदको पनि केही कुरा गर्नुपर्ने भा'छ । किन भने हामीले यो संसद भनेको त हामी आएर एकछिन यसरी बोलिरा'छौं । संसारले हेर्‍याको छ, सुनेको छ । एकदम पारदर्शी छ । अनि कानुनका कुराहरू पनि संसदले पालना गर्ने सरकारले पालना नगर्ने भन्ने कति कुराहरू हामी यी कुराहरूमा पनि बजेटलगायतका कुराहरू जोडेर पनि संसदको कुराहरू गर्छु ।

अब यो संसदले सरकार बनाउँछ । कानुन तर्जुमा गर्छ । मेन काम सरकार पनि बनाउछ । कानुन तर्जुमा पनि गर्छ । बजेट पास पनि संसदले गर्छ । हामी बजेटकै छलफल गरिरा'को छौं । बजेट पास पनि संसदले गर्छ । तर संसदको सचिवालयदेखि विषयगत समितिहरू बजेटको अभावले राम्रोसँग काम गर्न सकिरहेकै छैन । संसदको न सचिवालय, न विषयगत समितिहरू बजेटै छैन भन्नुहुन्छ । त्यो राम्रोसँग काम गर्न सकिरा'को छैन । संसदको बजेटमा पनि कटौती गरिन्छ । कैंची लगाइन्छ । र संसदले मागेको आवश्यक बजेट पनि दिइँदैन । कतिपय समितिहरू डोनरको पछि लागेर हिडिरहनुभा' छ । यो कसैलाई लुकाउन, छिपाउन पर्ने कुरै छैन । समितिहरू कतिपय डोनरको पछि पछि हिड्नुभा'छ । र डोनरको पछि पछि हिड्न बाध्य पारिएको छ, सम्माननीयज्यू, बाध्य किन भने बजेटै हुँदैन अनि त्यसकारले अब डोनरको बजेटमा काम गरिसकेपछि त्यो समितिहरूले कतिको स्वायत्त हुन सक्छन्? कतिको परदर्शी हुन सक्छन्? कतिको रिजल्ट ल्याउन सक्छन्? भन्ने कुराहरूमा त मैले भनिरहनुपरेन । यो बाध्य पनि पारिएको छ । अब यो हामीसँग एउटा यो सङ्घीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ मा एउटा त्यो ऐन भन्ने छ । त्यहाँ त्यसले चाहिँ सङ्घीय संसद सचिवालय तथा व्यवस्थापन भन्ने कुराहरू त्यहाँ राखेको छ । कसरी व्यवस्थापन गर्ने भन्ने कुराहरू त्यहाँ छ । र यो समितिमा सम्माननीय सभामुख, सम्माननीय हाम्रो राष्ट्रिय सभाको अध्यक्षज्यू, अनि प्रतिनिधि सभाको उपसभामूखज्यू, राष्ट्रिय सभाको उपाध्यक्षज्यू अनि महासचिवलगायतको एउटा ठुलो त्यो समिति पनि छ । त्यो समिति छ । अब यो मुलुकका ६ जना, मुलुकका ६ जना सम्माननीयमध्ये २ जना सम्माननीयज्यूहरूले त्यो समिति एउटा नेतृत्व गर्नुहुन्छ अब त्यो, त्यो यो समितिको काम भनेको नीतिगत बहस गर्ने, छलफल गर्ने अथवा नीतिगत निर्णय गर्ने, प्रशासन निर्णय गर्ने हो कतिपय मैले यो संसदको कुरा गर्दैछु । तर यही समितिले गरेका कतिपय सिफारिसहरू, बजेटका कुराहरूमा चाहिँ अर्थमन्त्रालय चाहिँ कहिले काही टेरपुच्छरै गर्दैन । सुनेको नसुने गर्छ । यो समस्या छ सम्माननीय अध्यक्षज्यू । मैले यो विषय पनि राखें ।

अब यो, अब यो समितिको कतिपय सिफारिसलाई चाहिँ यो समितिसम्म यो कतिपय अर्थमन्त्रालयले लागु नगरी समितिको यो गरिमालाई पनि आँचै पुऱ्याउने खालको काम अर्थमन्त्रालयले गरेको छ । र यो समितिको सिफारिसलाई अवमूल्यन गरी बजेटलगायतमा गलफत्ति गर्ने काम चाहिँ अर्थमन्त्रालयले नगरोस् । यसमा मैले विशेष गरी अर्थमन्त्रीको चाहिँ ध्यानाकर्षण गराउन चाहें । योसँगै सम्बन्धित अर्को कुरा पनि जोड्छु सम्माननीयज्यू, अमेरिका, वेलायत, अष्ट्रेलिया, दक्षिण अफ्रिका, कोरिया, जापान, केन्यालगायत मैले अरू धेरै धेरै देशहरू छन् । यस्ता धेरै देशरूमा चाहिँ एउटा Parliament को एउटा Independent खालको एउटा budget office पनि हुदो र'छ । Independent budget office हुदो रहेछ । मैले इन्डियाको पनि हेरे । त्यहाँ २०१७ मा पनि त्यस्तो एउटा Independent खालको एउटा budget office बनाइएको र'छ । र संसदको यो Independent budget office बजेट अफिसमा सरकारको केही पनि प्रभाव हुँदैन । सरकारको केही पनि प्रभाव रहँदैन । यसको अध्ययन, अनुसन्धान, छलफल, बहसलगायतका लागि आवश्यकताका आधारमा, आवश्यकताको आधारमा स्वतन्त्र तरिकाले बजेट परिचालन गर्न सक्ने स्वायत्तता चाहिँ त्यो संसदलाई छ । त्यो बजेट अफिसलाई हुदो र'छ । सरकारले सङ्घीय संसद सचिवालय सम्बन्धि ऐनको पालनै गर्दैन । जब सङ्घीय संसद सम्बन्धी सचिवालय छ । जब सरकारले त्यो ऐनको पालनै गर्दैन, सुन्दैन भने मेरो अनुरोध छ सङ्घीय संसदले पनि अन्य देशहरूले जस्तै एउटा Independent खालको एउटा Parliamenty budget office बनाउनुपऱ्यो । र बरू त्यो कानुनमा, त्यो कानुनमा संशोधन गरौं । एउटा Independent खालको एउटा Strong खालको Parliamenty Budget Committee हामी बनाउँ । र बजेटलगायतका लागि जब यो संसद, सरकारको प्रभाव, छाँयाबाट जबसम्म यो मुक्त हुँदैन तबसम्म संसदले चाहिँ राम्रोसँग काम गर्न सक्दैन । र प्रभावकारी पनि हुँदैन । र बजेटको लागि हाम्रो सम्माननीय अध्यक्षज्यू, प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यूले अनि अर्थमन्त्रालयलाई लन बजेट, बजेट भन्दिसकेपछि मलाई लाग्छ संसदले राम्रोसँग काम गर्न सक्दैन । त्यसकारण Independent हुनुपर्यो । र बजेटलगायतका कुराहरूमा आफै डिसिजन गर्न पनि सक्नुपऱ्यो । यो पनि मैले अनुरोध गर्न चाहें ।

अब यो सम्माननीय अध्यक्ष महोदय, अब म यो अब अलिकति यो मन्त्रालयका बजेट कतिको सङ्घीयता अनुकूल छन् भन्ने कुराहरूमा अलिकति जान्छु म जान्छु । अब यो ८ ओटा मन्त्रालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्, अर्थ, कानुन, न्याय तथा संसदीय मामिला, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, परराष्ट्र, महिला, बालबालिका तथा जेष्ठ नागरिक, रक्षा र सञ्चार तथा सुचना प्रविधि मन्त्रालयले एक रुपैयाँ पनि बजेट प्रदेश र स्थानीय तहमा बाँडफाँड गऱ्या रहिन

छन् । मैले बजेटको अनुसूचीको टेबलमा हेरेर भनें । र प्रधानमन्त्री, अर्थ, परराष्ट्र र रक्षा मन्त्रालयको भूमिका पुरै केन्द्रीय प्रकृतिको भएका कारण खासै गुनासो पनि छैन । तर अरू मन्त्रालयले स्रोत तल नपठाउनु भनेको केन्द्रीकृत सोँच र मानसिकताको उपज हो । मन्त्रालयको कुल बजेटमा ७० प्रतिशतभन्दा बढि प्रदेश र स्थानीय तहले नै कार्यान्वयन गर्ने गरी दुइटा मन्त्रालयले तल पठाएका रहेछन् । त्यो भनेको श्रम मन्त्रालय र अर्को शिक्षा विज्ञान मन्त्रालय छ । अर्को दुइओटा मन्त्रालयको ४० प्रतिशतदेखि ४३ प्रतिशतको बिचमा छ । बाँकी सबै मन्त्रालयको ३० प्रतिशतभन्दा कमै छ । संविधानतः खानेपानी र कृषि मन्त्रालयको ८० प्रतिशतभन्दा बढि जिम्मेवारी प्रदेश र स्थानीय तहमा छ । हामी त्यो हेर्दाखेरि ८० प्रतिशतभन्दा जिम्मेवारी खानेपानी मन्त्रालयको कृषि मन्त्रालयको तल प्रदेश र स्थानीय मातहत छ । तर खानेपानी मन्त्रालयले १८ प्रतिशत र कृषि मन्त्रालयले ८ प्रतिशत मात्र बजेट तल जाने गरी विनियोजन गरेका रछन् । भौतिक पूर्वाधार मन्त्रालयले जम्मा २ प्रतिशत मात्र तल विनियोजन गरेको र'छ । बजेट वितरणको यस तथ्यलाई आधार मान्दा मेरो निष्कर्ष के हो भने ५ ओटा मन्त्रालय, सहरी विकास मन्त्रालय, कृषि तथा पशुपन्छी, खानेपानी, भौतिक पूर्वाधार तथा यातायात र महिला, बालबालिका तथा जेष्ठ नागरिक पुरै केन्द्रीकृत दिशामा छन् । तलको अधिकारलाई यी मन्त्रालयले पुरै मिचिसकेका छन् । यो जब तलको अधिकारलाई सबै मिचेको छ भने यी मन्त्रालय पटक पटक एक पटक होइन मैले सुरुको देखि बजेट हेऱ्याछु मैले एक पटक होइन पटक पटक मिचेका छन् । यी मन्त्रालयलाई राख्नु जरूरी छैन । यी मन्त्रालयलाई खारेजै गर्नुपर्छ यो मेरो अनुरोध हो ।

अब ८ ओटा मन्त्रालय, सङ्घीय मामिला, युवा, उद्योग वाणिज्य, वन तथा वातावरण, भूमि व्यवस्था, ऊर्जा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन र स्वास्थ्य तथा जनसङ्ख्या यिनीहरू चाहिँ केन्द्रीकृत दिशामा उन्मुख छन् । र यी मन्त्रालयले विस्तारै, विस्तारै चाहिँ यो संविधानलाई चाहिँ यसले मिच्ने गरेका छन् । र यी मन्त्रालय वास्तवमा सच्चिनुपर्छ । मैले अनुरोध गरें माननीय मन्त्रीज्यूहरू यहीँ हुनुहुन्छ । सच्चिनुपर्छ । यदि नसच्चिने हो भने यो मन्त्रालयको खारेजीको अभियान चाहिँ छेडिन्छ । यो जरूरी पनि छ किन भने यी सबै अहिलेको बजेट तपाईंहरूको केन्द्रीकृतै छ । तर तपाईंको सुरुदेखिको ट्रेन्ड हेर्दाखेरि सबै केन्द्रीकृत दिशामा छ । तलको अधिकारलाई मिच्नुभा'छ । तर मैले अगाडि भनेको ५ ओटा मन्त्रालय जस्तो त्यति मिचिएको छैन ।

अब यो श्रम मन्त्रालयको अब यो विस्तारै श्रम मन्त्रालयको प्रधानमन्त्री तथा रोजगार कार्यक्रम छ नि मैले अघि पनि भने त्यो, त्यो ऋण लिएर घ्यू खाने जस्तै छन् के त्यो

योजनाहरूको कुरा गर्या । प्रधानमन्त्री रोजगार कार्यक्रमको कुरा मैले भित्र गरिन । त्यो महालेखाले पनि धेरे Question गरेको छ । म त्योभित्र प्रवेश गरिन । त्यो पनि सुधार हुनुपर्‍यो विशेष गरी ।

अर्को यो जनताको घरदैलोसम्म पुगेको यो जिल्लास्थित महिला कार्यालयहरू चाहिँ फेरि फर्काउन, फेरि जिल्लामा ल्याउन जुन कसरत भइरहेको भन्ने मैले थाहा पाइरहेको छु । यो गलत हो । हामी चाहिँ महिलाका अधिकारलाई जिल्लाबाट ७५३ पालिकामा स्थापित गर्नुपर्छ । जिल्लामा चाहिँ हिजो ७५ जिल्ला थिए अहिले ७७ ओटा अधिकृत होलान् । ७५३ पालिकामा महिला अधिकृत राखौं न भनेर हामी त्यो प्रयास गरिरा'छौं । त्यो लविङ हामी गर्ने तर फेरि फर्काउन त्यो प्रयास भइरा'छ । यो गलत हो यो पनि मैले ध्यानाकर्षण गराउन चाहें ।

अर्को यो शिक्षा मन्त्रालयकै कुरा गर्दा जिल्ला शिक्षा समन्वय इकाईलाई साविककै जिल्ला शिक्षा कार्यालयमा रूपान्तरण गर्ने प्रयास पनि भइरहेको छ । यो पनि सङ्घीयता विरोधी हर्कत भइरा'छ । सम्माननीय अध्यक्षज्यू, यो पनि मैले सर्तक गराउन चाहें ।

अर्को यो प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामा पनि स्थानीय तहको स्वामित्व नै छैन यसमा । यो टाठा बाठाले अनुदान र कार्यक्रम लाने, ऋण लिएर घ्यू खाने जस्तो यो पनि यो कार्यक्रमको पनि हविगत त्यस्तै छ । यो पनि सुध्रिनुपर्‍यो ।

राष्ट्रपति चुरे संरक्षण कार्यक्रम पनि त्यति प्रभावकारी छैन । वास्तवमा यो राष्ट्रपति र प्रधानमन्त्रीसँग जोडेर जे जे योजना परियोजना राखेका छन् । यी सबै अधिकांश एकाधबाहेक अधिकांश सङ्घीयता विरोधी छन् । ती सबैले प्रदेश र स्थानीय तहको अधिकारलाई कुन्ठित गरेका छन् । यो विषय पनि ध्यानकर्षण गराउन चाहें ।

सम्माननीय अध्यक्ष महोदय, अब बजेट तर्जुमा अर्थमन्त्रालयले गर्छ । र मन्त्रालयगत विनियोजनको जवाफ सम्बन्धित मन्त्रीले दिएता पनि यसको समग्र जवाफदेहिता, यसको समग्र उत्तरदायित्व भनेको अर्थमन्त्रालय नै हुन्छ । त्यहाँ अर्थमन्त्रालय LMBIS भन्छौं हामी । Line Ministry Budget Information System त्यसले Control गर्छ । कुनै पनि Line Ministry किन भने कुनै पनि मन्त्रालयले अर्थमन्त्रालयको स्वीकृति विना एक रुपैयाँ पनि तलमाथि गर्न सक्दैन भनेपछि त्यो पावर अर्थमन्त्रालयको छ । त्यसकारण समग्र बजेटको जवाफदेहिता, उत्तरदायित्तव भनेको अर्थमन्त्रालयको हुनुपर्छ विशेष गरी ।

अब एउटा NDAC भनेको सम्माननीय प्रधानमन्त्रीज्यूले अध्यक्षता गर्ने एउटा NDAC को बैठकले ५० औं बैठकले गरेको निर्णय मैले सुनाउँछु । विशेग गरी यो ससर्त अनुदान पठाउँदा

आयोजनाहरू नपठाउ । आयोजनामा विशेष गरी होइन त्यो कार्यक्रम नतोकिकन विषयगत रूपमा एकमुष्ट पठाउने भनेर सम्माननीय प्रधानमन्त्रीज्यूको आफैंले बसेको, आफैंले अध्यक्षता गरेको ५० औं बैठकले निर्णय गर्या रहिछ २०७९ चैत ३० गतेमा । तर आफैंले प्रधानमन्त्री, सम्माननीय प्रधानमन्त्री आफैं बसेर NDAC ले गरेको निर्णय साना कार्यक्रमहरू नगरौं, ससर्त योजना पठाउँदा पनि कार्यक्रम नतोकौं । विषयगत रूपमा एकमुष्ठ पठाउने भनेर निर्णय गरेको छ । अब मैले योभन्दा के भन्ने? प्रधानमन्त्री आफैले बसेका निर्णयहरू, कार्यक्रमहरू हुँदैन भने मैले के भन्ने त्योभन्दा अगाडि हामीले वित्त आयोगदेखि लिएर संसदले पनि हैन यो एकमुष्ट पठाउ तल भनेर यो संसदले पनि निर्देशन दिएको थियो । यो कुराहरू पनि मैले ध्यानकर्षण गराउन चाहेँ ।

अब यो, अब यो स्थिति कस्तो छ भने सम्माननीय अध्यक्षज्यू, वडा नै नभएको ठाउँमा, वडा नै नभएको ठाउँमा पनि तल योजना पठाइएको छ । जस्तो माडी नगरपालिकाको चितवनमा १० नम्बर वडा नै छैन । तर यस वडाको लागि चाहिँ भनेर स्यालोट्युवेल, स्यालोट्युवेल जडानको लागि भनेर ससर्त अनुदान पठाइएको छ । प्रदेशलाई ससर्त अनुदानको रूपमा पठाइएको खानेपानी मन्त्रालयका १/१ हजार यो किताबमा सम्माननीय अध्यक्ष महोदय, यो किताबमा मैले अस्तिनै पनि खानेपानी मन्त्रालयको यो किताबमा १/१ हजारका योजनाहरू छन् । अब हामीले खोजेको सङ्घीयता, गणतन्त्र हामीले ल्याएको यही हो? यो हेरे हुन्छ । अस्तिनै मैले त्यही भने प्रदेशले मलाई भन्नुभाथ्यो । मलाई विश्वास पनि थिएन । तर यो किताबमा लेखेको छ । अब यही हो? अब हामीले खोजेको सङ्घीयता, गणतन्त्र भनेको सम्माननीय अध्यक्षज्यू यो विषय पनि ध्यानकर्षण गराएँ ।

अब यो संसदको आफ्नै नियम, हाम्रो नियमावली छ । संसदको आफ्नै नियमावली छ । यो नियमावलीभन्दा एक इन्च पनि तल माथि जाँदैनौं । संसदको नियमावलीभन्दा एक इन्च पनि तल माथि जाँदैनौं । अनि सरकारको पनि आफ्नो नियमावली छ । मन्त्रीज्यूहरूलाई कतिको थाहा छ कि छैन । सरकारको पनि आफ्नो नियमावली छ । त्यो नियमावलीअनुसार एक इन्च पनि जस्तो नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ छ । त्यो नियमावलीले के लेखेको छ । म एक, दुइटा कुराहरूको उदाहरण दिन्छु । जस्तो, भौतिक पूर्वाधार मन्त्रालयलाई के भनेको छ भने राष्ट्रिय लोकमार्गभन्दा तल तल नझर भनेर त्यो नियमावलीमा लेखेको छ । सहरी विकास मन्त्रालयलाई राष्ट्रिय सहरी विकास पूर्वाधारभन्दा तल नझर भनेर सहरी विकास मन्त्रालयलाई भनेको छ । खानेपानी मन्त्रालयलाई पनि राष्ट्रिय खानेपानी परियोजनाबाहेक तल नझर भनेर यो, यो यो किताबमा लेखेको छ सम्माननीय मन्त्रिपरिषद्

कार्यविभाजन नियमावलीमा लेखेको छ । अब यो सबै कुराहरू संविधानका कुराहरू, कानुनका कुराहरू, नियमावली अनि नियमावली संविधानमा लेखेको पनि नमान्ने, कानुनमा पनि लेखेको नमान्ने, नियमावलीमा लेखेको पनि नमान्ने अनि तपाईंहरूलाई के भन्ने? अनि एउटा सामान्य नागरिकले कुनै भुलवश गल्ती गर्‍यो भने हैन उसलाई दण्ड दिनुपर्छ, जेल जानुपर्छ । अनि तपाईंहरूलाई चाहिँ राणा नभेर के भन्ने?

हिजो राणाले जथाभाबी गर्थे । जथाभाबी गर्थे उनीहरूले । बरू पञ्चालयकालमा चाहिँ के हुन्थ्यो भने अनि शासनको प्रधानमन्त्री, मन्त्रीले चलाए पनि राजासँग डराउथे । राजासँग डराउथे । तर तपाईंहरूले चाहिँ के गर्नुभो भने जथाभाबी हजारका, लाखैका योजनाहरू बनाएर राखुभा'छ । अनि हामीले खोजेको सङ्घीयता, गणतन्त्र यही हो? हेर्नुभा'छ तपाईंहरूले? यहीं हुनुहुन्छ, अहिले कर्णाली प्रदेशको बजेट चाहिँ ४० लाखभन्दा तलका योजनाहरू चाहिँ प्रदेश, स्थानीय तहमा पठाउने भनेर निर्णय गरेको छ । अनि यहाँ भौतिक पूर्वाधार मन्त्रालयका दुई लाखसम्मका योजनाहरू छन् । सहरी विकास मन्त्रालयका सबै ९९ प्रतिशतसम्मका योजनाहरू सहरी विकास मन्त्रालय, भौतिक पूर्वाधार मन्त्रालय, खानेपानी मन्त्रालय अनि युवा खेलकुद मन्त्रालय सारा मन्त्रालयका योजनाहरू ५० लाखभन्दा तल छ । हामीले खोजेको सङ्घीयता, गणतन्त्र यही हो? अनि तपाईंको नियमावलीमा हेर्नुहोस् त, तपाईंको नियमावलीमा के लेखेको छ । राष्ट्रिय शब्दबाहेक अरू केही पनि छैन । राष्ट्रिय शब्द भनेका दुई लाखका, दश लाखका हो? अनि हामीले सीमा तोक्नुपर्दैन? अनि, अनि तपाईंहरू जथाभाबी गर्ने, मनलाग्दि गर्ने अनि आफ्नो निर्वाचन क्षेत्रमा अनि सामाजिक सञ्जाल पनि छ, बौद्धिक जगत पनि छ भनेर तपाईंहरूले सोच्नुपर्छ कि पर्दैन? मनलाग्दि गर्ने हो भने त किन हामी किन अनि त तपाईंहरूले जे जवाफ दिनुहुन्थ्यो । हिजो ओलीको पालामा पनि यही थियो । फलानो पालामा, हिजो राजा, महाराजाहरू पनि थिए । अनि हिजो भनेर अनि तपाईंहरूले भन्नुहुन्छ । अनि, अनि तपाईंहरूलाई विस्तारै अनि तपाईंहरूलाई खवरदारी गर्ने अरू शक्तिहरू मलाई लाग्छ अब पनि तपाईंहरू अझ पनि सच्चिनुभएन भने, भने अब यो सङ्घीयताप्रति धेरै मान्छेले Question गरेका छन् । मलाई त के लाग्छ भने यो विषयमा करिब दुई दशकदेखि बोलेको छु, कराको छु । त्यही भएर कहीले काहीँ मलाई के लाग्छ भने यो धैर्यताको बाँध पनि टुट्ने हो कि जस्तो लाग्या छ । मैले यो खबरदारी गरेको छु । यो विषयमा तपाईंहरू सच्चिनुहोस् । हवस्त, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय नारायण प्रसाद दाहाल । समय १० मिनेट । त्यसपछि माननीय गोमा देवी तिमल्सिना ।

(१४:५७ बजे) **माननीय श्री नारायण प्रसाद दाहाल (मनोनीत)**:- सम्माननीय अध्यक्ष महोदय, हामी करिब डेढ महिनादेखि यता देशको बजेटको बारेमा विभिन्न कोणबाट छलफल गर्दै छौं । कहिले सिद्धान्त र प्राथमिकतामा, कहिले नीति तथा कार्यक्रममा, कहिले बजेट वक्तव्यमा अब अहिले अब विनियोजित बजेट विभिन्न मन्त्रालयहरूको शीर्षकहरूअन्तर्गत हामी छलफलमा छौं । ठुलै बहस गरेका छौं । चर्काचर्की गरेका छौं । तर एक थरी हामी जसरी हुन्छ । यो राम्रो छ भन्ने बनाउन कोसिस गरेका छौं । एकथरी आँखा चिम्लेर यो ठिक छैन । पुनर्लेखन गर्न पर्छ । एक रुपियाँको बजेट राखुपर्छ भन्ने खालका तर अब यो परम्परागत फेरि कुनै व्यक्ति विशेषको नियत विशेषको भन्दा पनि यो ढङ्गले हामी ग'का छौं । बहस चर्का गरेका छौं । तर जति छलफल गरे पनि जे आ'को त्यही पास फेरि हामी सबैले गरेका छौं । अहिले हामीले गरेका छौं । अघिल्लो वर्ष अघिल्लो अघिल्लो वर्ष अहिले गर्न हुन्न भन्नेहरूले गर्यौं । त्यसकारण मलाई कता कता के लाग्न थाल्यो । आजकल भने हाम्रा गुरुहरूले भन्ने गर्थे । यो संसद भनेको गफाडीको गफ गर्ने अखडा हो । गफ गर्या छ । कार्यान्वयन हुँदैन । गफ गर्या छ । त्यसमा कुनै संशोधन हुँदैन । सुझाव कार्यान्वयन हुँदैनन् भनेसी यो गफै गर्नको निम्ति बनाइएको जस्तो गफ गर्ने अखडाको रूपमा चाहिँ हामीले पनि नयाँ व्यवस्था ल्याएका छौं । नयाँ राजनीतिक सिस्टममा हामी जाँदै छौं । हामी जनताका प्रतिनिधि भएर आ'का छौं । नयाँ ढङ्गले जानेतिर हाम्रो सोच पटक्कै भैराख्या छैन । यो दिशातिर कम से कम राष्ट्रिय सभा संविधानले दिएको अधिकार संविधानमा उल्लेख गरिएकोअनुसार यो राष्ट्रिय सभाले त कम से कम त्यो दिशातिर अलिकति सोच्ने हो कि? पल्ला गाउँतिर जे भो' त्यहाँ त्यही गर्न उद्द्य छौं हामी । पल्तिर जे हुन्छ । त्यसलाई नै फलोअप गर्न खोज्ने रैछन् । त्यो होइन जस्तो लाग्छ मलाई राष्ट्रिय सभाको गरिमा अलिमाथि हो । यसलाई गफ गर्ने अखडाभन्दा पनि नीतिगत ढङ्गले यो देशमा बिग्रेका भत्केका सबै चिजलाई सुधार्ने ढङ्गले हामी जाने कोसिस गर्दा नै राष्ट्रिय सभाको गरिमालाई चाहिँ अगाडि बढाउन सकिन्छ कि भन्ने मलाई गहिरो अनुभूति भ'को छ ।

मलाई लाग्छ धेरै ठाउँमा एउटा अप्पर हाउसको गरिमाको बारेमा धेरै ठाउँमा छलफल भ'को छ तर हामी कता कता हामी आफैंले आफ्नो गरिमालाई बिर्सेउँ कि भन्ने लाग्छ । त्यसकारण यसलाई अलि सुन्दर थलोको रूपमा नीति निर्माणको थलोको रूपमा र एउटा व्यवस्थित छलफल र बहसको थलोको रूपमा चाहिँ विकास गर्नेतिर हामी लागौं भन्ने म त्यो गर्न चाहन्छु । त्यसकारण सम्माननीय अध्यक्ष महोदय, यो बेला हामीले यो समीक्षा गर्दा अथवा बजेटको बारेमा छलफल गर्दा गत वर्षको समीक्षा गर्नुपर्ने । त्यो पनि हुँदैन । अहिले हामी कुन

अवस्थामा छौं? त्यो पनि हुँदैन । यो बजेट र हाम्रा छलफल भनेको आउने वर्षहरूको निम्ति गाइडलाइन । मार्गदर्शन पनि बन्नुपर्छ भन्ने पनि हुने हो । त्यो दिशातिर पनि हाम्रो छैन । कता कता परम्परा ढङ्गले समर्थन र विरोध, समर्थन र विरोधमा केन्द्रित भ'को हुनाले कम से कम हामी यसलाई चाहिँ अझ अगाडि बढेर राष्ट्रिय सभालाई संविधानअनुसार एउटा गरिमामय संस्थाको रूपमा विकास गर्नेतिर लागौं भन्ने मेरो विशेष आग्रह र विशेष अनुरोध छ ।

त्यसकारण हामीले अब यो मन्त्रालयअन्तर्गतका बजेट सबै हेर्दाखेरि र बजेट वक्तव्यसम्म आएर हामीले चाहिँ त्यसलाई अनुमोदन गरेर पठाइसक्दासम्म हेर्दा मलाई कस्तो लाग्छ भने बजेट एकदम विशुद्ध परम्परागतभन्दा पनि अलिकति यथार्थमा अलि वस्तुपरक बन्ने ढङ्गले चाहिँ ल्याउन कोसिस गरिएको छ । सापेक्षित रूपमा अघिल्ला बैठकहरूको अघिल्ला वर्षहरूको बजेटभन्दा यो केही हदसम्म वस्तुपरक छ । यथार्थ छ । र केही हदसम्म चाहिँ नेपाली जनताको जीवनसँग जोडिएर त्यसलाई अगाडि बढाउन कोसिस गरिएको अनुभूत भ'को छ । त्यसअनुसार हामीले यो बजेटमा । मतलब यो विनियोजित जुन चाहिँ शीर्षकहरूमाथिको खर्चहरू छ । त्यो खर्चलाई कार्यान्वयन गर्ने दिशामा मुख्य प्रश्न त्यहाँतिर हो भन्ने मलाई लाग्छ ।

तर यहाँ केही जटिलताहरूजस्तो देखिन्छ । कार्यान्वयन गर्नुको निम्ति जस्तोः म एउटा उदाहरण दिन्छु । एउटा मन्त्रालयले बजेट छुट्याइसकेपछि त्यसलाई कार्यान्वयन गर्ने भन्दा अर्को मन्त्रालयले रोकिदिएको हुन्छ । जस्तो चितवनकै कुरा गर्दाखेरि करिब करिब ४/५ वर्षदेखि निरन्तर रूपमा भरतपुर चितवनको यता भरतपुर महानगरपालिकाबाट माई नगरपालिका जानको निम्ति बिचमा राष्ट्रिय निकुञ्ज पर्छ । त्यो राष्ट्रिय निकुञ्जलाई कहिले फ्लाइओभर बनाउने कहिले अन्डरग्राउन्ड बनाउने धेरै ढङ्गले चाहिँ बजेट छुट्याइएको छ तर वन मन्त्रालय अथवा चाहिँ पर्यटनबाट राष्ट्रिय सूचीमा परेको कारणले त्यहाँ बनाउन पाइँदैन । सधैं बजेट फ्रिज हुन्छ । यो खालको स्थितिको अन्त गर्न जरुरी छ भन्ने लाग्छ । यी ढङ्गले हामीले सोचेनौं भनेदेखि बजेट पार्ने कुरा मात्रै ठुलो कुरो होइन कार्यान्वयनको मुख्य कुरा हो ।

तपाईं बजेट अहिलेसम्म हेर्दाखेरि मुस्किलले पुँजीगत खर्च कति गर्न सफल भा' छौं हामी? हरेक वर्ष हेर्ने हो भने हामी अहिले २ लाख ३ लाख बजेट बढाउनुको निम्ति मरिहत्ते गर्या छौं । परेन भनेर यहाँ मन्त्रीहरू मन्त्रीजीको चाहिँ आलोचना गरिराखेका छौं । तर यी राखेका बजेटको मुस्किलले चाहिँ ३५/४० पर्सेन्टभन्दा बढी खर्च भैराख्या छैन । त्यतातिर हाम्रो ध्यानै जाँदैन । अहिले पार्ने कोसिस गर्छौं पारेपछि त्यसलाई विभिन्न सामाजिक सञ्जालहरूमा प्रचार गर्न चाहिँ उद्दत छौं तर कार्यान्वयन गर्ने दिशातिरको हाम्रो पनि ध्यान जाँदैन । अनि अहिले चाहिँ जाँदाखेरि अहिले बाटो हिंड्न गाह्रो छ । कुन बाटो के भा' छ थाहा छैन । कहाँ खनिएको

छ । कहाँ गरिएको छ । यो असार महिना हिँड्न पनि गाह्रो भैराख्या छ । यो खालको स्थिति छ । यसलाई कसरी अन्त गर्ने हो हामीले? यो ढङ्गको सोचबाट कसरी मुक्त हुने हो? यी कुराहरूमा हाम्रो विशेष गरेर ध्यान जान जरुरी छ भन्ने मलाई लाग्छ ।

अब अर्को कुराः जस्तो हामी मैले अगिनै भनें पैसा छुटयाउन हामी एकदम ताल्लिन छौं तर त्यसको कार्यान्वयनको ग्यारेन्टी त्यस्तो बजेटको सुनिश्चितता यसको सम्बन्धमा नै हाम्रो ध्यान धेरै ग'को छैन । त्यसमा कम से कम हामी जनप्रतिनिधिहरूले ध्यान दिन जरुरी छ । यति भन्दै सम्माननीय अध्यक्षज्यू मैले यहाँ मन्त्रालयअन्तर्गतको कुरा गर्दा भौतिक, पूर्वाधार तथा यातायात मन्त्रालय भनेर हामीले जो आजको छलफलको विषय बनेको छ । अरू कुरा धेरै नहेरौं । काठमाडौं आउने लाइफलाइनको रूपमा रहेको यो चाहिँ पृथ्वी राजमार्ग जुन नौबिसेदेखि नागढुङ्गासम्म कुनै दिन कुनै दिन बाह्र महिनामा कुनै दिन ढुक्कले नागढुङ्गाबाट नौबिसे र नौबिसेबाट आउँदाखेरि माथि । आउन सक्ने स्थिति छैन । अनि यही हो? हामीले दिगो विकासको कुरा गर्ने? यही हो भौतिक मन्त्रालय चाहिँ गठन गरेर बनाएको स्थिति । आज चाहिँ नारायणगढ मुग्लिन सडक खण्ड त्यो छ । यो हुन्छ भन्ने कुरो थाहा पाएसी त्यसको निम्ति वैकल्पिक रूपमा केही सोच्न पर्दैन? खोइ दिगो विकासका कुरा गर्छौं । २६ मा त हामीले एउटा उ त सिध्याउँदै छौं दिगो विकासको सन्दर्भमा । हाम्रा खै धारणाहरू हाम्रा सोच खै? यो खालले चाहिँ अति उ भ'को छ । अब हामी कस्ता भने जस्तो रेलमार्गका कुरा गर्यौं । सुरुङमार्गमा गर्यौं भनौं पानी जहाजका कुरा गर्यौं । धेरै उडन्ते गफ पनि हामीले गर्यौं । जनतालाई उडायौं पनि हामीले । जनतालाई चाहिँ एउटा सपना पनि देखायौं । तर त्यो गर्ने छुट चाहिँ छैन हामीलाई । भौतिक मन्त्रीज्यू यहीं हुनुहुन्छ । अब उडन्ते कुरा गरेर गफ हाँकेर जनतालाई झुक्याएर जनताको विश्वास लिन सक्ने स्थिति छैन अब कम से कम यथार्थ के हो? त्यो कुरा भन्न जरुरी छ मन्त्रीज्यूहरूले पनि । यो ढङ्गले योजना निर्माण गर्न जरुरी छ । अब हामी खर्च कटौतीका कुरा गर्ने भनेर ए गर्यौं । २१ ओटा के के संस्थाहरू विघटन गर्यौं । तर त्यसबाट खै जनताले के अनुभूति गरे त? जनताले के पाए त्यसबाट जस्तो म यहाँ उदाहरण दिन्छु । रेल्वे बोर्ड एक जनाको थियो । माननीय मन्त्रीज्यू त्यो बोर्डको एक जना हटाइया छ । गन्ने बेलामा २१ ओटा संस्था भन्नी भो' एक जना मान्छे बोर्डमा थियो । त्यो हटाइएको छ । त्यतातिर पनि ध्यान जाओस् भन्ने लाग्छ ।

त्यस्तै संस्कृति, पर्यटन मन्त्रालय मैले यहाँ मन्त्रीज्यू हुनुहुन्न । यसलाई चाहिँ कम से कम चाहिँ हामीले आकर्षक योजना बनाउन जरुरी छ र मैले यहाँ के भन्न आवश्यक ठान्छु भने चितवन जिल्लामा जो राष्ट्रिय निकुञ्ज भित्र विभिन्न होटलहरू जस्तो टाइगर टप भन्ने चाहिँ सुनेका

छौं । ती होटलहरू बन्द गर्दिनाले अहिले पर्यटन आउने चाहिँ एकदम कम भ'को छ । त्यतातिर विशेष ढङ्गले ध्यान दिइयोस् त्यो खालका योजना निर्माण होस् ।

अब भूमि तथा व्यवस्था मन्त्री क्यारे सहकारी त अहिले गरिबी निवारण होइन । गरिबी उत्पादन गर्नेजस्तो बन्न पुगेको छ । सहकारी आतङ्क चलेको छ । त्यता नि ध्यान जाओस् । र चाहिँ सुकुमवासीहरू एकदम आतङ्क सिर्जना गरिएको छ । तिनीहरूको उचित व्यवस्था कहिले, कसरी के हुन्छ? भन्ने कुराको चाहिँ कम से कम सुकुमवासीलाई हुनुपर्यो । आज उठाउने, भोलि उठाउने भनिएको छ । तर उनीहरूको वैकल्पिक व्यवस्था पनि छैन । त्यसकारण त्योबारेमा अलिकति गम्भीरतासाथ सोचियोस् । विनाविकल्प उठाउने भनेर आतङ्कित बनाउने खालको नहोस् भन्ने कुरा र स्थायी अब २५ हजार भन्या चाहिँ २५ लाखभन्दा बढी छन् । त्यतातिर अलिकति गम्भीर ढङ्गले ध्यान जाओस् भन्ने हो ।

संघीय मामिलाका सन्दर्भमा मेरो धेरै भन्नु छैन । यत्रो वर्ष भैसक्यो । संघीय ऐन आ'को छैन । जसले कर्मचारीहरूको वृत्ति विकासदेखि तिनीहरूको समायोजनदेखि सबै गर्नुपर्ने त्यो नभ'को हुनाले त्यतातिर पनि गम्भीरतासाथ ध्यान जाओस् भन्ने कुराहरू राख्दै म आफ्नो भनाइ यहीं सिध्याएँ । हवस् त, अभिवादन ।

**सम्माननीय अध्यक्ष**:- माननीय गोमा देवी तिमल्सिना । समय ६ मिनेट । त्यसपछि माननीय सुरेश कुमार आलेमगर ।

(१५:०८ बजे) **माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूको अनुमतिले आज म केही कुरा राख्ने अनुमति चाहन्छु । आज खास गरी मैले भूमि व्यवस्था सहकारी र गरिबी निवारणको बारे र भौतिक पूर्वाधारको बारेमा थोरै कुरा बोल्न चाहन्छु । अब यो भूमि व्यवस्था सहकारी गरिबी निवारणको बारेमा धेरै कुराहरू धेरैजनाले उठाउनुभ'को छ । मैले पनि केही कुराहरू उठाउन चाहन्छु । भूमिहीन सुकुम्बासीलाई र अव्यवस्थित बसोबास गर्नेलाई अब जग्गाको व्यवस्था गर्ने भन्ने कुराहरू त्यो नीतिगत रूपमै आ'को हुनाले यसलाई छिटोभन्दा छिटो व्यवस्था होस् भन्ने कुराहरू भन्न चाहन्छु । यसलाई त्यो सुकुम्बासी र भूमिहीन भन्ने कुराहरूलाई पनि कसरी छुट्याउने भन्ने कुराहरूलाई पनि मन्त्रालयले ध्यान पुर्यायोस् भन्न पनि चाहन्छु । अब योभन्दा बढी के भनौं?

अब यो सहकारी र गरिबी निवारणको कुरा गरिरहँदाखेरि सहकारीले गरिबी निवारण होइन अब गरिबलाई धेरैभन्दा धेरै गरिबीको रेखामुनि ल्याउने कुराहरू सिर्जना गर्न लागेको छ । हामीले भन्दै आएका थियौं यो सहकारी ३ खम्बे अर्थनीतिभित्र पर्छ भनेर हामी भन्दै आएका थियौं । हामी पनि कुनै न कुनै सहकारीमा सहकारीको सदस्य छौं । यहाँ धेरैजना हुनुहोला । अब अहिले त धेरै महिलाहरूले, महिलाहरूले सय, पचास रुपैयाँ जम्मा गरेको पैसा पनि खाएर, ठगेर उठिबास गरेको महिलाहरूलाई घरैबाट निस्किनुपर्ने त्यस्तो खालको अवस्था पनि भएको हुनाले यसलाई न्यायिक जाँचबुझ गरेर ठगी गर्नेहरूमाथि कारबाही र ठगाइमा पर्नेहरूलाई न्याय दिन मन्त्रालय सजग होस् भन्ने कुराहरू राख्न चाहन्छु । अब यसलाई यति नै भनें मैले ।

यो भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गत केही कुराहरू राख्न चाहन्छु । अब म मकवानपुरको हेटौंडामा म नि बसोबास गर्न भएको हुनाले त्यहाँ अहिले बाटो चौडा गर्ने भन्ने कुराहरू छ । यसमा मलाई पनि बाटो चौडा गर्ने, गर्नुपर्छ भन्ने विषयमा म आफू पनि संलग्न छु । तर त्यति हुँदा हुँदै पनि त्यहाँ तीन खाले स्थितिहरू देखापरेको छ । केही मान्छेहरू पहिलै मुआब्जा लिएर उनीहरूले पटक पटक किनबेच गरेका मान्छेहरू छन् । मुआब्जा लिइसकेको लाई राज्यले त्यसलाई भरणपोषण गर्नुपर्छ भन्ने पक्षमा म छैन । र केहीले त्यो परिआयो जग्गा बाटोलाई आवश्यकता पर्यो भने हामी बाटो परेको ठाउँ भत्काउन तयार छौं भनेर कागजै गरेका केही व्यक्तिहरू छन् । अब त्यसको बारेमा अब उहाँहरूको मन्जुरी भएको हुनाले त्यसबारे पनि अब छलफल गरेर उहाँहरूलाई चित्त बुझ्दो उपायहरू दिनुपर्छ भन्ने लाग्छ । एकथरी छन् थोरै उनीहरूको टक्रक्क घर मात्रै छ, उनीहरूको जाने दायाँबायाँ कहीं पनि छैन । र उनीहरूले मुआब्जा पनि पाएका छनैन् । उनीहरूको अन्त जाने ठाउँ पनि छैन । यस्तो ठाउँलाई चैं राज्यले व्यवस्था गर्नुपर्छ र त्यो मानवीय विचार पनि हामीले पुर्याउनुपर्छ । र राज्यका जनतालाई हामीले संरक्षण पनि गर्नुपर्छ भन्ने पक्षमा मैले सम्माननीय मन्त्रीज्यू यहीं हुनुभ'कोले उहाँलाई मैले यो कुरा प्रत्यक्ष नै सम्माननीय अध्यक्षज्यूमार्फत म यहाँ प्रत्यक्ष नै मत्रीज्यू हुनुभ'कोले उहाँलाई यो कुरा जानकारी गराएँ ।

यो सँगसँगै अर्को यातायात पनि उहाँकै मन्त्रालयअन्तर्गत यातायात पनि जोडिएको हुनाले मैले यातायातको पनि केही कुराहरू उठाउन खोजें । यहाँ २० वर्ष पुराना गाडीहरू हटाउने भन्ने कुराकहरू धेरै पहिलादेखि चल्दै आएको छ । र अहिले पनि चलिर'को छ । त्यहाँ ती आफैं स्वरोजगार श्रमिक पनि, मालिक पनि भएर चलाउनेहरूको छटपटाहट धेरै छ । यसैलाई, यो गाडी हाम्रा देशमा बनेको गाडीहरू होइनन् । र यो मैले चैं के भन्न चाहन्छु भने त्यहाँबाट पनि हामीले ठुलो सङ्ख्यालाई हामीले बेरोजगार बनायौं भने हामीलाई अझै समस्या उत्पन्न हुन्छ ।

अनि कति महिलाहरूले एउटा सफा ट्याम्पो काखमा बच्चा त्यहाँ सुताएर पनि उहाँहरूले त्यो चलाएर आफ्नो जीविका निर्वाह गर्नुभा'को छ । यो सबै कुराहरूलाई मध्यनजर राख्दै त्यो त्यसको पार्टपुर्जाहरू के कस्ता छन्, इन्जिनहरू कस्ता छन्, ती कुराहरूलाई हेरेर उपयुक्त किसिमले त्यसका पार्ट्सहरू फेरेर त्यसलाई आवश्यकताअनुसारको सञ्चालन गर्नुपर्छ भन्ने कुराहरू म यहाँ जानकारी गराउन चाहन्छु ।

र त्यहाँ चालकहरूलाई, सहचालकहरूलाई पनि तालिमको आवश्यकता छ, प्रशिक्षणको आवश्यकता छ । हाम्रा पुराना भएका गाडीहरू, २० वर्ष पुराना गाडीहरू हामी दुर्गममा पठाउँछौं । बाटोको खाल्डाखुल्डी सडकको अवस्था हामीले त्यो मध्यनजर राखेका छैनौं । पहिलो त हामी बाटो, पुल, पुलेसा सबै कुरालाई पनि हामीले ध्यान दिनुपर्छ भन्ने मलाई लाग्छ । पुराना गाडीहरू हामी दुर्गममा पठाउँदाखेरि त्यसले दुर्घटनाहरू धेरै निम्त्याएको हामीले अनुभूति गरिराखेका छौं । यसलाई पनि मध्यनजर राख्दै मन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सुरेश कुमार आलेमगर । समय १० मिनेट ।

(१५:१५ बजे) **<u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्षज्यू, मन्त्रालयगत छलफलमा प्रवेश गर्नुभन्दा अगाडि केही कुरा राख्न चाहन्छु । गत १७ गते असार १७ गते जुम्लाको तातो पानी वडा नम्बर ४ मा एक जना दलित युवा मुकुन्द नेपालीले सोही गाउँमा बस्ने श्रीराम गिरीकी छोरी बसन्ती गिरीसँग प्रेम विवाह गरेको कारण निजको घर जलाइयो । केही आपराधिक तत्वहरूले, अपराधी मानसिकता भएका तत्वहरूले यो सामन्ती ब्राह्मणवादी चिन्तन भएका मनोवादी चिन्तन तत्वहरूले उक्त घर जलाउने काम गरे ।

त्यसै गरी मधेशको एउटा जिल्लामा केही दिनअघि मात्रै आमा छोरीलाई दाइजो नल्याएको रिसमा निजको पतिले जघन्य हत्या गरे । यी दुवै घटनाहरूको अपराधीको कुकृतिहरूको म घोर निन्दा र भत्सना गर्न चाहन्छु । र सम्बन्धित अपराधीहरूलाई तुरुन्त कानुनको कठघरामा ल्याइयोस् भनेर सम्माननीय अध्यक्षज्यूमार्फत गृह मन्त्रीज्यू, माननीय गृह मन्त्रीज्यूलाई हार्दिक अनुरोध गर्न चाहन्छु ।

त्यसपछि म यो मन्त्रालयगत छलफलमा प्रवेश गर्न चाहन्छु । सबभन्दा पहिले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको बारेमा मलाई के लाग्छ भने यो मन्त्रालय, नेपाल सरकारका धेरै महत्त्वपूर्ण मन्त्रालयहरूमध्ये एउटा महत्त्वपूर्ण मन्त्रालय हो । नेपालको, नेपालको नाम राख्नका लागि प्रख्याति राख्नको लागि । त्यसै गरी विकास निर्माणलाई अगाडि बढाएर समृद्धि ल्याउनको लागि पनि यो मन्त्रालय महत्त्वपूर्ण भूमिका खेल्न सक्छ भन्ने मलाई लाग्दछ तर यो यस सालको बजेटमा जुन बजेट विनियोजन भएको छ । यो मन्त्रालयको लागि निकै थोरै छ । यसतर्फ यदि हुन सक्छ भने यही सालको बजेटमा, हुनु सक्दैन भने अर्को सालदेखि धेरै बजेट विनियोजन गरोस् भनेर म राख्न चाहन्छु ।

र अर्को कुरा यसमा संस्कृति, संस्कृति भन्ने यसमा थपेको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संस्कृति भन्ने विषय पहिला पहिला शिक्षामा हुन्थ्यो । शिक्षा मन्त्रालयअन्तर्गत हुन्थ्यो । यो मन्त्रालयमा ल्याएर जोडिएको छ । यो मन्त्रालयमा जोडिनुको तादत्म्यता सामञ्जस्यता, कारण, औचित्य म त्यति सारो देख्दिन । त्यसैले त्यता लगे हुन्थ्यो भन्ने जस्तो मलाई लाग्दछ । र केही कुरा यो सन्दर्भमा मैले सरसर्ती यो यसको विकास कार्यक्रम मैले हेरे । त्यसमा चाहिँ जस्तो अब धेरै चाहिँ मन्दिरहरूलाई, गुम्बाहरूलाई आदि, इत्यादिलाई सहयोग गर्ने कुराहरू छन् । ती ठिकै छन् । तर मदरसालाई सहयोग गर्ने कुरा, कतिपय चर्चहरू पनि नेपालीहरूले मान्छन् । त्यसको मैले यहाँनिर देखिन । त्यसको साथ साथै नेपाल पर्यटन बोर्ड, नेपाल एयर लाइन्स, नेपाल नागरिक उड्डयन प्राधिकरण आदि बारे पनि उल्लेख हुनुपर्थ्यो जस्तो मलाई लाग्दछ किन कि यो मन्त्रालय मातहतका तिनै निकायहरू हुन । ती बारे उल्लेख भएको चाहिँ मैले यहाँ देखिँन । र मुख्य गरेर पर्यटनलाई प्रवर्धन गर्ने सम्बन्धमा त्यति धेरै कार्यक्रम मैले यहाँ देखिँन । त्यसतर्फ माननीय मन्त्रीज्यूको ध्यानाकर्षण गर्न चाहन्छु ।

र एउटा अलिकति मलाई नौलो लागेको कुरा के हो भने यो बारेमा यो पृष्ठ १८ मा, पृष्ठ १८ मा एउटा शीर्षक छ । कोटदरबार गढी संरक्षण कार्य भानु नगरपाललिका १० मैरे नगरपालिकाअन्तर्गतको १० मा यो शीर्षक चाहिँ छ । तर आयोजनाको कुल क्रियाकलापको परिमाण, भार, लागत सबै शून्य, शून्य, सम्पुर्ण कार्यमध्ये गत आर्थिक वर्षसम्मको सबै शून्य शून्य बजेट पनि शून्य केही पनि छैन । त्यसै गरी अर्को चाहिँ पृष्ठ २१ मा पनि त्यस्तै छ । शीर्षक उल्लेख छ । तर सबै शून्य छ, शून्य । यो चाहिँ कर्णाली प्रदेशको से फोक्सुन्डोलाई मिश्रित सांस्कृतिकअन्तर्गत विश्व सम्पदा सूचीमा समावेश गर्नका लागि आवश्यक पूर्वाधार तयार गर्न अध्ययन अनुसन्धान तथा उल्लेखित कार्य गर्ने भनेर लेखेको छ । तर यो पनि सबै शून्य, शून्य बजेट पनि छैन, केही पनि छैन, केही पनि छैन । यो किन रहेछ? किन यसरी राखियो?

कि त पहिलाको यस्तो भा'को थियो अहिलेको छैन भन्ने हो भने पहिलाको उल्लेख हुनुपर्थ्यो । त्यो केही पनि छैन किन राखेर चाहिँ यो बारेमा ।

र अर्को यसैको पृष्ठ १६ मा भारतको उत्तर प्रदेश ललिताघाट वाराणसीस्थित साम्राज्य श्री पशुपतिनाथ महादेव मन्दिर परिसरको वृद्धाश्रम तथा धर्मशाला पुनः निर्माण कार्य गर्ने यसमा चाहिँ ५ करोड, ५ सय लाख । ५ करोड बजेट विनियोजन गरिएको छ । भारतको अयोध्यामा नेपालको बजेट विनियोजन हुने । यो चाहिँ सायद त्यो ठाउँ नेपालको भएर हो कि? अथवा के हो? यदि नेपालको हो भने त्यो सायद ठिकै, ठिकै पनि होला । तर भारतको हो भने त, हामीले किन बजेट विनियोजन गर्नुपऱ्यो? यो कुरा माननीय मन्त्रीज्यूले प्रष्ट पार्नुहुन्छ भन्ने अपेक्षा म गर्न चाहन्छु ।

त्यसपछि भूमि, व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय । यो मन्त्रालयको एउटा विशेष यसको लागि उद्देश्य चाहिँ के छ भने गरिबी निवारण । गरिबी निवारणको सन्दर्भमा धेरै कुरा यसमा भ'को चाहिँ म देख्दिन । जस्तो गुनासो सुनुवाई छ । १२१ पालिकामा त्यो ठिक छ । गरिबसँग विशेश्वरलगायतका कार्यक्रमहरू छन् । त्यसै गरी गरिबको घर पहिचान परिचय वितरण कार्यक्रम आदि छ । यी सबै ठिकै छन् । तर गरिबी निवारण बारे कार्यक्रम खोइ त? गरिबी निवारण जुन यो मन्त्रालयको नामै हो गरिबी निवारण गरिबी निवारण बारेमा न त कुनै योजना छ । न त कुनै कार्यक्रम छ । त न बजेट नै अब योजना कार्यक्रम नै नभएपछि बजेट विनियोजन हुने कुरै भएन । नेपालमा गरिब त छन् । गरिबी त छ । हो त्यसैले गरिबी निवारणको बारेमा कार्यक्रम ल्याउने, नल्याउने सम्बन्धित मन्त्रालय यही नै होला । र मैले त्यही पाइन । यस बारेमा माननीय मन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहेँ ।

र राष्ट्रिय भूमि आयोगको गठन भएको छ । त्यसले पनि आफ्नो कार्यक्रमलाई आफ्नो कामलाई सुचारु रूपले अगाडि बढाइरहेको छ । त्यो ठिक छ । काम सन्तोषजनक पनि छ । र एउटा कुरा चाहिँ के लाग्छ भन्दाखेरि वडाको सिफारिस भयो भने अव्यवस्थित बसोबासलाई लालपुर्जा नभएकाहरूलाई लालपुर्जा दिन आदि इत्यादि कार्यक्रमहरू छ । तर वडा कै सिफारिस भएन भने के गर्ने त? त्यो बारेमा यो भूमि आयोगलाई केही अधिकार रहेनछ । त्यस्तै एउटा घटना एउटा सम्बन्धित मान्छे सरोकारवाला मसँग आएर ठोकिएका छन् । उनको आफ्नो जग्गा छ । लालपुर्जा छ । दसी प्रमाणहरू छन् । आजभन्दा ५०/६० वर्ष अगाडिदेखि तिरो तिरेको प्रमाणहरू छन् । तर वडाले सिफारिस दिँदैन । केही पूर्वाग्रह राखेर हो वा किन हो? वडाले सिफारिस दिँदैन । त्यसको के हुन्छ त भन्दा लालपुर्जा उसले नपाउने भयो । राष्ट्रिय भूमि आयोगलाई भन्यौं । वडाको सिफारिस त चाहिन्छ हामीलाई भनेर भन्छ । वडाले,

सम्बन्धित वडाले सिफारिस दिँदैन । हो यस्तो बारेमा राष्ट्रिय भूमि आयोगले के गर्ने भन्ने सम्बन्धमा मैले सोधेँ भूमि आयोगका साथीहरूलाई केही कार्यविधि छैन हामी कहाँ, अधिकारै छैन । We are just helpless भनेर उनीहरूले भने । यस बारेमा चाहिँ केही गर्नुपर्छ भन्ने मलाई लाग्दछ ।

अब म त्यसपछि यो सहकारीको बारेमा, सहकारीको बारेमा निकै हाहाकार यो सहकारीले गर्दा मच्चिएको छ । यो बारेमा सबै, सबै सहकारी सञ्चालाकहरू त्यतिकै बदमास त छैनन् । धेरै इमान्दार छन् । तर केही बदमासहरूले गर्दाखेरि बेइमानहरूले गर्दाखेरि केही केही फटाहाहरूले गर्दाखेरि इमान्दारहरू पनि त्यसको घानमा पिसिएका छन् । बदमासलाई त दण्डित गर्नैं पर्छ । त्यो ठिक छ । तर जो इमान्दार छन् । जसले राम्रोसँग यसलाई चाहिँ सहकारीलाई सञ्चालन गरिरहेका छन् । र नेपाल जस्तो देशमा सहकारी आवश्यक छ । महत्त्वपूर्ण छ भनेर ल्याइएको पनि छ । हो त्यस्तो मान्छेहरूलाई के गर्ने त? यहाँ समस्या के पर्‍यो भने केही बदमास सञ्चालकहरूले बेइमान भ्रष्ट सञ्चालकहरूले डिपोजिट गरेको पैसा चाहिँ पूरै हिनामिना गर्दैको हुनाले सहकारीमा निक्षेप गर्ने निक्षेपकर्ताहरूमा अविश्वास भयो शङ्का भयो । त्यो उनीहरू लाइन लागेर आफ्नो पैसा निकाल्न गए समस्या त्यो कारणले जन्मियो । समस्या त्यस कारणले जन्मियो सम्माननीय अध्यक्ष महोदय । हो त्यसैले यसको समाधान के हो त भनेर भन्दा यदि लाइन लागेर निक्षेपकर्ताहरू सहकारीमा नजाने हो भने यो समस्या नै हुँदैन । किन सहकारीले त लगानी गरेका छन् । आजको आजै त त्यो लगानी आउँदैन । केही समय लाग्छ । तर निक्षेपकर्तालाई शङ्काको कारणले आजै चाहियो । हो त्यसैले त्यसको समाधान के हो त भन्ने सम्बन्धमा इमान्दार सहकारी सञ्चालकहरू के भन्छन् भने सरकारले यस्तो हुँदैन भनेर भनिदियोस् । आश्वस्त पारिदिउन ती निक्षेपकर्तारहरूलाई त्यो भयो भने तिनीहरू आउँदैनन् । हामी दिइ हाल्छौं नि उनीहरूको भनेर भन्छन् । यसतर्फ पनि भूमि व्यवस्था, सहकारी तथा गरिबि निवारण मन्त्रालयले सोच्नु भन्ने मलाई लाग्दछ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत म के भन्न चाहन्छु भने यसमा पनि सङ्घीयताको बारेमा अघि केही माननीयज्यूले खिमलाल देवकोटा माननीयज्यूले भन्नुभए जस्तै सङ्घीयताको बारेमा यसमा पनि योजना कार्यक्रम छैन । हामीले देख्यौं । यो जगजाहेर छ । छ्याङ्ग छ्याङ्गति छ । एकात्मकतावादी मानसिकता, केन्द्रवादी मानसिकता ज्यूँका त्यूँ छ । तर त्यसलाई हटाउने बारेमा त्यस्तो केही कार्यक्रम हामी देख्दैनौं । त्यसैले यो बारेमा चाहिँ केही ल्याउनुपर्ने हुन्छ ।

र यसैमा कस्तो छ भने अब त्यसै गरी अब भौतिक पूर्वाधार मन्त्रालयमा यो तनहुँ जिल्लाको घुमाउने घाटमा जुन एउटा पुल छ । त्यो बारेमा मैले पनि जोड्दार माग राख्न चाहे । र यो बारेमा केही चाहिँ बजेट सन्तुलित प्रकारले वितरण नभएको मैले पनि देखें । त्यसलाई सच्याइयोस् । र जलमार्ग भनेर पनि यहाँ भनिया छ । जलमार्ग पनि एउटा शीर्षक छ । जलमार्गको कुरा यदि कुनै मान्छेले उडन्ते हावादारी गफ लगाएको हो भने त्यसलाई कटाइयोस् । होइन यो सही हो, ठिक हो भने मलाई यो जलमार्ग हुनुपर्छ भन्ने कुरा सही लाग्छ । यस्तो हो भने ५२ लाख मात्रै होइन धेरै बजेटको विनियोजन गरेरअगाडि बढाइयोस् । र यो बजेटको बारेमा ठिकसँग आएका जुन सल्लाह सुझावहरू छन् । त्यसलाई चाहिँ के छ भन्दाखेरि आत्मसात् गरियोस् । र यो आदिवासी जनजाति आयोगलाई कतिसम्म पनि चाहिँ यहाँनिर ऊ छ भन्दा वैज्ञानिक प्रक्रिया छ भने ५७/५८ ओटा आदिवासी जनजातिहरूको आयोगलाई जम्मा तीन करोड समथिङ् एउटा थारू आयोगलाई चार करोड बजेट विनियोजन गरिएको छ । थारूलाई बजेट विनियोजन गरेकोमा आपत्ति छैन । तर अरूलाई पनि धेरै गरियोस् भन्ने कुरा राख्न चाहन्छु । र त्यसै गरी हुन त मेरो उसमा चाहिँ पर्दैन । तर एउटा सिँचाइको बारेमा हुन त त्यो भोलि होला सायद त्यो । तर त्यो सिँचाइको बारेमा मैले पोहोर सालको बजेटमा पनि भनेको थिए । अहिले पनि भनेको थिएँ त्यो परेन । जब कि एउटा बाढिले मेरै आफ्नै नगरपालिकाको खोलामा बाढि आएर बाँध पनि भत्कायो, कुलो पनि भत्कायो, खेत पनि बगायो । तर त्यो सुनुवाई भएन । यस्तै यस्तै कुराहरू छन् । हामीअघि केही माननीयज्यूले मर्मका साथ राख्नुभएको कुरा हामी सभासदहरूले, सांसदहरूले, जनप्रतिनिधिहरूले भनेका कुराहरू पनि यहाँ सुनिँदैनन् । कतिपय कुराहरू चाहिँ कता कताबाट आउछन् । जसकेलाबाट आउँछन् । यिनको यस्ता धेरै चाहिँ कुरा अन्त्य गरियोस् । यिनै कुराहरू राख्दै मेरो आफ्नो बजेटसम्बन्धी धारण यहीं अन्त्य गर्न चाहन्छु । धन्यवाद । अभिवादन ।

(१५:२६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, विनियोजन विधेयक, २०८० अन्तर्गत भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, विनियोजन विधेयक, २०८० अन्तर्गत आगामी बैठकमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, परराष्ट्र मन्त्रालय, ऊर्जा,

जलस्रोत तथा सिँचाइ मन्त्रालय र खानेपानी मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफल हुने बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल असार २० गते बुधवार अपराह्न २ बजेर ३१ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० असार साल २० गते बुधवार अपराह्न २ बजेर ३१ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १५:२७ बजे ।**